जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक १०९ • २०८२ साल भाद्र २१ गते शनिबार (6 September, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

'अन्धराष्ट्रवाद विरुद्ध पहिचानवादी शक्तिहरु एकजुट भयौं'

## गौरहत्या काण्डको मुद्दा मधेशीलाई फसाउने षड्यन्त्र

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस-नेकपा एमाले नेतृत्वको सरकारलाई निसाना बनाउँदै संघीय लोकतान्त्रिक मोर्चाले देशव्यापी रुपमा जनजागरण अभियान नै चलाएको छ।

जनकपुरधाममा शुक्रबार आयोजित वर्तमान राजनीतिक अवस्था-जागरण अभियानमा मोर्चाका नेताहरूले भूमि विधेयक र गौर हत्याकाण्डको मुद्दा उचालेर मधेशीलाई फसाउन खोजेको भन्दै ओली नेतृत्वको सरकारको कडा आलोचना गरे।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले कांग्रेस-एमाले गठबन्धन सरकारलाई निकम्मा र नालायकीपनको संज्ञा दिए।




पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले सरकारकै कारण संघीय लोकतान्त्रिक गणतन्त्र नै संकटमा परेको दाबीसमेत गरे । उनले भने, 'कांग्रेस कहिल्यै गणतन्त्रको पक्षमा थिएन । नेपालमा वास्तविक कम्युनिस्ट पनि छैनन्, कम्युनिस्टको नाममा अवसरवादीहरू जम्मा भएका छन्, जसले संघीयतालाई समाप्त गर्ने षडयन्त्र गरिरहेका छन्।'

प्रदेशमा सरकार बने पनि अधिकार र कानुनको अभावमा काम गर्न नसकेको अध्यक्ष यादवले बताए। कांग्रेस-एमालेले वर्तमान सरकार बलियो रहेको दाबी गर्दै आएकोतर्फ लक्षित गर्दै यादवले सरकार बलियो भएको अनुभूति जनतामा हुन नसकेको उनले जिकिर गरे।

अध्यक्ष यादवले भने, 'यदि यो सरकार बलियो छ भने किसानलाई मल किन छैन ? सरकारी विद्यालयमा शिक्षा किन छैन ? सरकारी अस्पतालमा गरिबको उपचार किन छैन ? बेरोजगारी किन हटेको छैन ?' सरकारले सुशासन होइन, कुशासन दिएको उनको आरोप थियो।

उनले मधेश केन्द्रित दलहरुले विगतमा गरेको कमी कमजोरीको समीक्षा र विश्लेषण गर्दै अघि बढ्नु विकल्प आफूहरुसंग नरहेको बताए।

उनले विचारमा एक रहेको दलहरुलाई मोर्चाभन्दा माथि उठेर एउटै झण्डा एउटै ब्यानरमा आउन आह्वान समेत गरे।

सरकारले ल्याएको भूमि विधेयक मधेशलाई कमजोर पार्ने षडयन्त्र रहेको उल्लेख गर्दै अध्यक्ष यादवले अहिले नलडे भविष्य झन भयावह हुने चेतावनी दिए।

लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले शासक वर्गको अन्धराष्ट्रवाद विरुद्ध पहिचानवादी शक्तिहरुको एकजुटतालाई ध्यानमा राखेर मोर्चाको गठन भएको बताए। मधेशलाई समाप्त पार्न शासक वर्ग यहाँको भाषा र संस्कृतिमाथि निरन्तर प्रहार गर्दै आएको उल्लेख गर्दै अध्यक्ष ठाकुरले भूमि विधेयकको नाममा मधेशलाई मधेशमै कमजोर पार्ने षडन्त्र गरि रहेको बताए । उनले अहिले संघर्ष नगरे आउने पीढिलाई झन दासत्व जीवन जिउन बाध्य पार्ने चेतावनी समेत दिए।

सो कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले मधेशीको एकता मात्र शासक वर्गलाई परास्त गर्न नसक्ने भन्दै थारु र आदिवासी जनजातिलाई समेत एकसाथ लिएर अघि बढ्नु पर्ने बताए।

पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष महतोले पहिलो मधेस आन्दोलनबाट प्राप्त उपलब्धि समाप्त भएको दाबीसमेत गरे। उनले भने, 'अब पनि एकजुट नभए मधेस फेरि पुरानै अवस्थामा पुग्छ।' उनले गौर घटना पुनः उचालेर मधेसी नेताहरूलाई कमजोर पार्ने षडयन्त्र भइरहेको आरोपसमेत लगाए।

शासक वर्गका अतिरिक्त मधेशी आदिवासी जनजातिलगायतका समुदाय सदियौँदेखि शोषणमा परेको उल्लेख गर्दै अध्यक्ष महतोले सबै मिलेर लडनु अपरिहार्य रहेको बताए । उनले मधेशलाई शोषण गर्ने सबालमा काँग्रेस एमाले र माओवादी एक रहेको उल्लेख गरे।

त्यस्तै जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले भूमि विधेयक मधेशमा मधेशीलाई कमजोर पार्ने राजा महेन्द्रको नीतिको पुनरावृत्ति रहेको दाबी गरे। उनले भूमि विधयेक र गौर घटना लगायतको मुद्दामा मोर्चा एकजुट रहेको स्पष्ट पारे।

पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष त्रिपाठीले मधेश आन्दोलनका उपलब्धिहरू खसवादी शक्तिले निष्क्रिय पारेको बताए।

नेताहरूलाई जनतामाझ परिणाम देखाउन आग्रह गर्दै थप्दैं भने, 'खसवादी, खसवादी भनेरमात्रै हुँदैन, अब केही गरेर देखाउनुपर्ने समय आएको छ। भाषण होइन, रिजल्ट चाहिन्छ।'


सो कार्यक्रममा तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले शाषक वर्गले मधेशमाथि विभेदको सिंकजालाई थप मजबुत बनाउने अभियान शुरु गरेको बताए।

तमलोपाको आयोजना तथा संयोजनमा भएको सो कार्यक्रमको अध्यक्षता तमलोपा धनुषाका अध्यक्ष धीरेन्द्र बहादुर सिंहले गरेका थिए भने उक्त कार्यक्रममा नागरिक उन्मुक्ति पार्टीकी नेतृ उर्मिला सिंह, तमलोपाका डा. विजयकुमार सिंह, असगर अली, जसपा नेपालका कोषाध्यक्ष सुरिता साह, लोसपाका महासचिव परमेश्वर साहलगायतकाले आ-आफ्ना धारणा राखेका थिए।









# नेपाली संस्कृति र सम्पदा हाम्रो शान, पहिचान र वैभव हुनः राष्ट्रपति पौडेल



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपाललाई विश्वमा चिनाउने प्राचीन र ऐतिहासिक धरोहर, कला, संस्कृति र सम्पदाको संरक्षण तथा विकासलाई सरकारले प्राथमिकता दिनुपर्ने बताउनुभएको छ।

नेपाल कला परिषद्द्वारा आयोजित नेपाल कला तथा संस्कृति महोत्सव २०८२ अन्तर्गत चित्रकला प्रदर्शनीको उद्धाटन गर्दै उहाँले लोकतान्त्रिक शासन प्रणालीमा प्राप्त अवसरको उपयोग गरी हाम्रा भाषा, कला र संस्कृतिको विकास, विस्तार र संरक्षणमा सबै क्रियाशील हुनुपर्ने बताउनुभयो ।

राष्ट्रपति पौडेलले भन्नुभयो, "लोकतान्त्रिक शासन प्रणालीमा नै सबै क्षेत्र, वर्ग र पेसाको उन्नति र प्रगतिको समान अवसर प्राप्त हुन्छ। लोकतन्त्रको सुन्दर पक्ष नै यही हो। त्यसैले, प्राप्त अवसरको उपयोगगरी हाम्रा भाषा, कला र संस्कृतिको विकास, विस्तार र संरक्षणमा सबै क्रियाशील हुनुपर्छ।"

उहाँले देशका विभिन्न क्षेत्रका प्राचीन र ऐतिहासिक धरोहर, कला, सांस्कृतिक सम्पदा एवं गतिविधिको अध्ययन, अनुसन्धान र अवलोकन गर्न बर्सेनि लाखौँ पर्यटक नेपाल भित्रिने भन्दै यसको संरक्षणका लागि सम्पदाप्रेमीहरू सदैव चनाखो हुनुपर्ने बताउनुभयो ।

राष्ट्रपति पौडेलले नेपाली कला, संस्कृति र सम्पदाको अद्वितीय पुँजीप्रति स्वदेशी, विदेशी पर्यटक र व्यवसायीको ध्यान आकर्षित गर्न स्वदेश तथा विदेशमा व्यापक प्रचारप्रसार गर्नसके पर्यटकको आगमनबाट मुलुकको समृद्धिमा योगदान पुग्ने धारणा राख्नुभयो । उहाँले नेपालका कलाकृति तथा सांस्कृतिक सम्पदाको ख्याति विश्वभरि नै रहेको उल्लेख गर्दै नेपाली सभ्यताको परिसूचकका रूपमा रहेका कला र संस्कृतिले विश्वमा विशिष्ट स्थान ओगट्न सफल हुनु गौरवको विषय भएको बताउनुभयो ।

नेपाली भाषा, कला, संस्कृति र सम्पदा हाम्रो शान, पहिचान र वैभव भएको राष्ट्रपति पौडेलको भनाइ थियो । उहाँले भन्नुभयो, "सदियौँ पुराना कला, संस्कृति तथा सम्पदाहरूको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने दायित्व सरकार, निजी संस्थासहित हामी सबैको हो । यस परिवेशमा नेपाल कला परिषद्को पहलमा निजी, सरकारी तथा जनस्तरको सहभागितामा आयोजित यो महोत्सव उद्धाटन गर्न पाउँदा म हर्षित भएको छु ।"

> "लोकतान्त्रिक शासन प्रणालीमा नै सबै क्षेत्र, वर्ग र पेसाको उन्नति र प्रगतिको समान अवसर प्राप्त हुन्छ । लोकतन्त्रको सुन्दर पक्ष नै यही हो । त्यसैले, प्राप्त अवसरको उपयोगगरी हाम्रा भाषा, कला र संस्कृतिको विकास, विस्तार र संरक्षणमा सबै क्रियाशील हुनुपर्छ ।"

राष्ट्रपति पौडेलले सबैको सहकार्यले देशको पर्यटन क्षेत्रको दिगो विकासको आधारशिला तयार हुने विश्वास व्यक्त गर्नुभयो ।रासस

# मानव बेचबिखन नियन्त्रण गर्न सङ्गठित रुपमा लाग्न जरुरी छः उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सङ्गठित रूपमा लाग्न सबैलाई आह्वान गर्नुभएको छ।

मानव बेचबिखनविरुद्ध १९औँ राष्ट्रिय दिवसका अवसरमा दिवस मूल समारोह समितिले यहाँ शुक्रबार आयोजना गरेको कार्यक्रममा उहाँले स्थानीय तहका हरेक वडा र टोलटोलबाट राजनीतिक दलका जिम्मेवार नेता तथा कार्यकर्तासहित सबै सङ्गठित भएर यसविरुद्ध लाग्न आह्वान गर्नुभएको हो ।



उपप्रधानमन्त्री सिंहले भन्नुभयो,"मानव बेचबिखन तथा ओसारपसार विश्वव्यापी सञ्जालका रूपमा फैलिएको अपराधजन्य कार्य हो। नेपालको विद्यमान संविधानले कसैलाई पनि बेचबिखन गर्न र दास बनाउन पाइने छैन भनी मानव बेचबिखनविरुद्धको कार्यलाई मौलिक हकका रुपमा स्थापित गरेको छ । मानव बेचबिखन कार्यलाई नियन्त्रण गरी पीडित र प्रभावितको अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो ।"

उहाँले अन्तरराष्ट्रिय श्रम सङ्गठन र अन्तरराष्ट्रिय आप्रवासन सङ्गठनको अनुमानअनुसार विश्वमा पाँच करोड मानिस आधुनिक दासताको जीवन बिताइरहेको उल्लेख गर्दै गरिबी, विपन्नता र मुलुकभित्र हुने आन्तरिक द्वन्द्व, जलवायु परिवर्तन, शिक्षा र रोजगारीका अवसरमा गिरावट आदि कारण यसले प्रश्रय पाइरहेको बताउनुभयो । "मानव बेचबिखन तथा ओसारपसार एक जघन्य अपराध हो । यो सामाजिक रुपमा निन्दनीय, कानुन रूपमा दण्डनीय हुनुका साथै समाजको कलङ्कका रूपमा रहेको छ। यस्ता प्रकृतिका जघन्य अपराधको रोकथाम र नियन्त्रण गर्नु हामी सबैको कर्तव्य पनि हो", उपप्रधानमन्त्री सिंहले भन्नुभयो ।

उहाँले मानव बेचबिखन तथा ओसारपसारका घटना हुन नदिन नेपाल सरकार गम्भीर रूपमा लागिरहेको र यसमा सरकारी तथा गैरसरकारी निकाय र सम्बन्धित सरोकार भएकाहरूको सहकार्य भएमा रोकथाम तथा नियन्त्रण गर्न सहज हुने बताउनुभयो ।

**राम्रो शिक्षा लिन विदेश नै जानुपर्छ भन्ने धारणा अब हटिसकेको छ**

उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले राम्रो शिक्षाका लागि विदेश नै जानुपर्छ भन्ने धारणा अब हटिसकेको बताउनुभएको छ। उहाँले नेपालमै उत्कृष्ट शिक्षा लिन सकिने बताउनुभयो ।

डिल्लीबजार कन्या बहुमुखी क्याम्पसको ४५औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "यहाँका विद्यार्थी केबल शिक्षित मात्र होइन, सक्षम, दक्ष र प्रतिस्पर्धी पनि छन् । स्वदेशमै उत्कृष्ट शिक्षा लिन सकिन्छ भन्ने उदाहरण यो क्याम्पसले प्रस्तुत गरेको छ ।"

कन्या बहुमुखी क्याम्पसले विशेष गरी महिला शिक्षाको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउँदै आएको उल्लेख गर्दै उहाँले विगत ४५ वर्षको यात्रा अत्यन्तै प्रेरणादायक रहेको बताउनुभयो। स्थापनाकालमा ७७ विद्यार्थीबाट सुरु भएको क्याम्पस अहिले करिब ७०० विद्यार्थीको शिक्षाको थलो बनेकाले आफैँमा एक ऐतिहासिक उपलब्धि भएको उहाँको भनाइ थियो ।

उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "यस क्याम्पसले नारीको शिक्षामा मात्र नभई समग्र शिक्षा प्रणालीमै गुणस्तरीय योगदान पुऱ्याउँदै आएको छ। देशका करिब ६० भन्दा बढी जिल्लाका विद्यार्थी यस क्याम्पसमा अध्ययनरत छन् । यसबाट नै यहाँको लोकप्रियता र प्रभाव स्पष्ट हुन्छ ।"

यस क्याम्पसबाट अध्ययन गरेर विद्यार्थीले देशका विभिन्न आयोग, सरकारी निकाय तथा निजी क्षेत्रसम्म सफलतापूर्वक रोजगार पाएका तथ्याङ्कले देखाएकाले यहाँ अध्ययन गरेका विद्यार्थी सबै क्षेत्रमा उत्कृष्ट भएको आफूले महसुस गरेको उपप्रधानमन्त्री सिंहले बताउनुभयो । हाल क्याम्पसमा विद्यार्थीको चाप बढ्दै गएकोप्रति पनि ध्यानाकर्षण गराउँदै उहाँले शिक्षा क्षेत्रमा थप स्तरोन्नतिको आवश्यकता औँल्याउनुभयो ।

"सरकार यस क्याम्पसको भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर र प्राविधिक सशक्तीकरणमा आवश्यक सहयोग गर्न तत्पर छ। यस क्याम्पसलाई अझ बलियो र आधुनिक बनाउन राज्यले आफ्नो जिम्मेवारी बहन गर्नुपर्ने देखिन्छ । शिक्षाको स्तरोन्नति र गुणस्तर वृद्धिका लागि सरकारले सक्दो सहयोग गर्नेछ", उहाँले भन्नुभयो।

डिल्लीबजार कन्या बहुमुखी क्याम्पसकी प्रमुख अपराजिता अर्यालले क्याम्पसले हाल विभिन्न चुनौतीका बाबजुद पनि शैक्षिकस्तरलाई उत्कृष्ट बनाउन सफल भएको बताउनुभयो ।

"विविध चुनौतीबीच पनि हाम्रो क्याम्पसले देशभरिमा आफूलाई उत्कृष्ट शैक्षिक संस्था बनाउनेतर्फ कदम चालेको छ," उहाँले भन्नुभयो ।

कार्यक्रममा विद्यालय प्रशासनले उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मानित गरिएको थियो भने केही प्राध्यापक र कर्मचारीलाई लामो समयको योगदानका लागि कदरपत्रसहित सम्मानित गरिएको थियो । कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य दीपेन्द्र श्रेष्ठ, शिक्षक, विद्यार्थीलगायत विभिन्न शैक्षिक क्षेत्रका विशिष्ट व्यक्तित्वको उपस्थिति रहेको थियो ।रासस

# कंकालीमाई मन्दिर जंगलासहियामा सरसफाइ तथा समिती गठन



**टुडे समाचारदाता**

रौतहट । हिन्दु धर्म, संस्कृति, कला र परम्परालाई जगेर्ना गर्दै, सामाजिक तथा मानविय कर्मलाई प्रोत्साहन गर्ने उद्देश्यले रौतहटको गुजरा नगरपालिकाकी उपप्रमुख रत्न लामाको अध्यक्षता तथा वडा नम्बर २ का अध्यक्ष अशोक खाँ थारुको उपस्थितिमा कंकाली माई मन्दिरमा विशेष कार्यक्रम सम्पन्न भएको छ ।

शुक्रबारका दिन सम्पन्न उक्त कार्यक्रममा वडा ३ र ४ का अग्रज, बुद्धिजीवी र समाजसेवीहरूको समेत उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा मन्दिर परिसरमा वृहत सरसफाइ अभियान सञ्चालन गर्नुका साथै मन्दिर व्यवस्थापन समिती र सल्लाहकार समिती गठन गरिएको छ ।

यसअघि, विभिन्न बैठकहरूमा सर्वसम्मतिले मन्दिर परिसरमा टायल्स बिछ्याउने, संरक्षण तथा व्यवस्थापन समिती गठन गर्ने र उपसमिती समेत गठन गर्ने निर्णय गरिएका थिए ।

नवगठित व्यवस्थापन समितिको अध्यक्षमा तुला बहादुर प्रधान, उपाध्यक्षमा रामकृष्ण महतो,सचिवमा सिपचन चौधरी,कोषाध्यक्षमा लक्ष्मी झा, सदस्यमा गोविन्द महतो, सुबित झा, रामपित कुमार सह, अर्जुन नारायण चौधरी, निरेश चौधरी चयन गरिएको छ। त्यस्तै उपसमितीमा संयोजकमा हरिन चौधरी, सदस्यमा सुवास झालाई चयन गरिएको छ ।

समाजका अगुवाहरूले कंकाली माई मन्दिरलाई धार्मिक, ऐतिहासिक तथा पर्यटन स्थलको रूपमा विकास गर्दै स्थानीय निकाय र सहयोगी मनहरूसँग समन्वय गरेर अघि बढ्ने प्रतिबद्धता जनाएका छन् ।

# दुई करोडले बढ्यो हनुमानढोका दरबार क्षेत्रको राजस्व

काठमाण्डु । गत आर्थिक वर्षमा हनुमान ढोका दरबार संरक्षण कार्यक्रमको राजस्वमा वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षभन्दा गत आर्थिक वर्षमा करिब रु दुई करोडले राजस्वमा वृद्धि भएको हनुमानढोका दरबार क्षेत्र कार्यक्रमका प्रमुख चन्द्रगोपाल प्रधानले जानकारी दिनुभयो ।



प्रमुख प्रधानका अनुसार अघिल्लो आव २०८०/८१ मा रु १७ करोड ६९ लाख आम्दानी गरेकामा गत आव २०८१/८२ मा रु १९ करोड ४६ लाख राजस्व सङ्कलन गरेको छ । अघिल्लो आवमा उक्त क्षेत्र अवलोकन गर्न आउने पर्यटकको सङ्ख्या सार्क राष्ट्रबाट ४७ हजार ३९९ जना रहेकामा अन्य देशबाट आउने सङ्ख्या एक लाख ५३ हजार २६२ जना रहेका थिए ।

त्यसैगरी गत आवमा सार्क राष्ट्रबाट ५० हजार ५३३ जनाले अवलोकन गरेकामा अन्य देशका एक लाख ६९ हजार ३९५ जानले उक्त क्षेत्रको अवलोकन गरेका छन् । अघिल्लो आवभन्दा गत आवमा पर्यटकको सङ्ख्यामा वृद्धि भएकाले आम्दानी बढेको प्रधानको भनाइ छ ।

सो कार्यालयको विशेषगरी हनुमानढोका घुम्न आउने पर्यटकबाट प्रवेश शुल्कबाट लिइने रकम नै आम्दानी हो । हाल यहाँ उक्त ऐतिहासिक स्थान घुम्न आउने पर्यटक सार्क राष्ट्रका लागि रु ५०० निर्धारण गरिएको छभने अन्य मुलुकबाट आउने पर्यटकका लागि रु एक हजार निर्धारण गरिएको छ । नेपालीलाई प्रवेशका लागि शुल्क नलागे पनि सङ्ग्रहालय अवलोकनमा भने शुल्क लाग्ने गरेको छ ।

उक्त स्थान अवोकनका लागि जुनसुकै समयमा गर्न सकिने भए पनि जीवित देवी कुमारी हेर्नका लागि भने बिहानका लागि ११:०० देखि १२:३० सम्म र साँझ ५:०० देखि ८:०० बजेको समय तोकिएको छ ।

हनुमानढोका घुम्नका लागि पर्यटकीय मौसममा दैनिक सात सयसम्म पर्यटक आउने गरेका छन् । विशेषगरी भदौ, असोज र कात्तिकमा पर्यटक बढी आउने गरेको प्रधानको भनाइ छ ।रासस

# मोहम्मद जन्मोत्सव मनाइयो



**टुडे समाचारदाता**

मलंगवा । इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मदको जन्मोत्सव जनकपुरधामसहित देशव्यापी रुपमा मुस्लिम समुदायले विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ। 'मोहम्मद डे' को अवसरमा मुस्लिम समुदायले ऱ्याली निकाल्ने, मस्जिदहरुमा कुरान पाठ गर्ने, हजरत मोहम्मदको उपदेश स्मरण गर्ने, सामूहिक भोज खाने र एकअर्कामा शुभकामना साटासाट गरेर मोहम्मदको जन्मोत्सव मनाइएको छ ।

मलंगवामा पनि शुक्रबार इस्लामिक पोशाकबाट सजिएर तुलब्यानर सहित मुस्लिम समुदायका डाक्टर, इञ्जिनियर, कर्मचारी, राजनीतिककर्मी, जनप्रतिनिधि, व्यापारी, मजदुर, किसान, महिला, पुरुष, बालबालिका, विद्यार्थीलगायत हजारौँको संख्यामा धार्मिक धुन बजाउँदै जुलुस नगरपरिक्रमा गरेका थिए ।

मोहम्मद डेलाई इद मिलादुननबी र १२ रबिउल अब्बल पनि भन्ने गरिन्छ । आमरुपमा नेपाली मुस्लिम समुदायले मोहम्मद जयन्ती भनेर मनाउने गरेको छ । सउदी अरबको मक्का शहरमा बनु हाशिम खानदानमा हजरत अब्दुल मुत्तलिबको घरमा बुवा हजरत अब्दुल्लाह र आमा हजरत अमिना रदिउल्लाह ताला अन्हुमाको कोखबाट २२ अप्रिल ५७१ ई.वि. मा हजरत मोहम्मद सलल्लाहु अलैहे वसल्लमको जन्म भएको हो । अरेबिक महिनाको रबिउल अब्बलको १२ तारिख सोमवारका दिन विहान सूर्य उदाउनु पूर्व हजरत मोहम्मद सलल्लाहु अलैहे वसल्लमको जन्म भएको हो । मोहम्मदको जन्म दिनलाई संसारभरमा मुस्लिम धर्मावलम्बीहरुले मोहम्मद-डे भनेर मनाउने गर्दछन् ।

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

- **मेष :** बन्धुबान्धव, साथीभाइ र मित्रवर्गबाट उत्कृष्ट सहयोगको आशा गर्न सकिन्छ।
- **वृष :** आर्थिक लगानी बढाउन अनुकुल छ। व्यापार व्यवसाय राम्रो हुनेछ ।
- **मिथुन :** दैनिक कामकाज सजिलै सम्पन्न हुनेछन् ।
- **कर्कट :** नचाहेको क्षेत्रमा खर्चको मात्रा ह्वातै बढ्न सक्छ ।
- **सिंह :** पराक्रम र प्रसिद्धिमा वृद्धि हुने समय छ।
- **कन्या :** काममा सोचेजस्तै सफलता मिल्नुका साथै उन्नति गर्ने अवसर प्राप्त हुने योगछ।
- **तुला :** दान, पुण्यका कार्यमा आकर्षण बढ्नेछ।
- **वृश्चिक :** कडा परिश्रम व्यर्थै खेर जान सक्छ ।
- **धनु :** घुमघाम, भेटघाट र मनोरञ्जनमा दिन बित्नेछ ।
- **मकर :** शारीरिक प्रतिस्पर्धा र तर्क, विवाद वा न्याय सम्पादनका सिलसिलामा लाभ प्राप्त गर्न सक्नुहुनेछ ।
- **कुम्भ:** मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ ।
- **मीन :** घरपरिवारभित्रका विविध समस्यामा रुमल्लिनु पर्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




पूर्व-पश्चिम राजमार्गमा पर्ने सुनसरीको भन्टाबारी नजिक तिन कोनवा पोखरी किनारमा सनपाट छुट्याउँदै कृषक। सनपाट खेतीबाट राम्रो आम्दानी हुने यहाँका स्थानीय बताउँछन्। *तस्बिरः रासस*

# पूर्वप्रधानमन्त्री एवं साहित्यकार चन्दको कृति 'बदलिँदो समयचक्र' विमोचन

काठमाण्डु । पूर्वप्रधानमन्त्री एवं साहित्यकार लोकेन्द्रबहादुर चन्दको नयाँ कृति 'बदलिँदो समयचक्र' शुक्रबार विमोचन गरिएको छ ।

मदन पुरस्कार बिजेतासमेत रहनुभएका साहित्यकार चन्दको उपन्यासमा सामाजिक कथावस्तु समावेश गरिएको छ । १४४ पेजको उपन्यासमा २५ उपशीर्षक छन् ।

यहाँ शुक्रबार आयोजित कार्यक्रममा वरिष्ठ समालोचक वासुदेव त्रिपाठीले उक्त पुस्तक विमोचन गर्दै सामाजिक विषयवस्तुलाई समेटेर लेखिएको कृतिले नेपाली साहित्यलाई समृद्ध बनाउने विश्वास व्यक्त गर्नुभयो ।पूर्वप्रधानमन्त्री चन्दले सामाजिक रुपान्तरण तथा आर्थिक विकासका लागि पथप्रदर्शन गर्न साहित्य सशक्त माध्यम भएको बताउनुभयो ।




राप्रपाका पूर्वअध्यक्ष डा प्रकाशचन्द्र लोहनीले नेपाली सहित्य क्षेत्रलाई दर्जनौँ कृति दिनुभएका चन्दको साहित्यिक सृजनाले समाजका सबै वर्ग र पक्षलाई समाहित गर्न सक्ने उल्लेख गर्नुभयो ।

राप्रपा नेपालका अध्यक्ष कमल थापाले सामाजिक विकृति, विसङ्गतिका विरुद्ध गहिरो अध्ययन तथा विश्लेषण गरी चन्दले लेखेको कृतिको विशिष्ट पक्ष भनेको नेपाली समाज सुदृढ र एकताबद्ध गर्नु रहेको बताउनुभयो ।

उहाँका यसअघि विभिन्न कथा, नाटक र उपन्याससङ्ग्रह प्रकाशित छन् ।

चन्दको विसर्जन कथासङ्ग्रहले २०५४ सालमा मदन पुरस्कर प्राप्त गरेको थियो । चन्दका चर्चित पुस्तकहरु अपराजिता, बाहौँ खेलाडी, रात्रिभोज, हिउँको तन्ना, नेताको साथीलगायत प्रकाशित छन् ।रासस

# एमालेप्रति जनताको विश्वास बढेको छः अध्यक्ष ओली

पाटन । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले सुशासन, विकास, स्थायित्व, राष्ट्रीय अखण्डता र स्वाधीनताका पक्षमा उभिएकाले एमालेप्रति जनताको विश्वास बढेको बताउनुभएको छ ।

ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा शुक्रबारदेखि सुरु भएको पार्टीको दोस्रो विधान महाधिवेशनको उद्घाटन सत्रमा सम्बोधन गर्नुहुँदै एमाले अध्यक्ष ओलीले कोहीकसैसँग सम्झौता नगरी देश र जनताका पक्षमा उभिएकाले पार्टीप्रति आमजनताको विश्वास बढेको बताउनुभयो ।

"नेपाली जनताले अप्ठ्यारो परिस्थितिमासमेत हामीलाई साथ दिएका छन्, नेपाल राष्ट्र र नेपाली जनताको समृद्धिप्रति सदैव प्रतिबद्ध छौँ, भएन भन्न सजिलो छ, लामो बलिदानिमार्फत यहाँसम्म आइपुगेका छौँ, हामी उज्ज्वल भविष्यका लागि मिसन ८४ को अभियानमा छौँ", उहाँले भन्नुभयो ।

एमाले पार्टी र त्यसका नेताहरूलाई जतिसुकै गालीगलौज गरे पनि नेपाली जनताले विश्वास नगर्ने उल्लेख गर्दै अध्यक्ष ओलीले भन्नुभयो, " अहिले हामी सरकारमा छौँ, जनताकाबीच पुगी अझ विश्वास जित्न सक्यौँ भने ८४ सालमा हुने निर्वाचनमा बहुमत प्राप्त गर्नबाट एमालेलाई कसैले पनि रोक्न सक्दैन । जनताकामाझ गई सक्रिय भएर काम गरौँ ।"

"सामाजिक न्याय र समानताका लागि हामी अभियानकर्मी हौँ, समाजमा परिवर्तन भएको छ, सामाजिक न्याय, समानता र विकासको अवस्था हिजोको जस्तो छैन, हाम्रो लक्ष्य समाजवादतर्फ हो, अपेक्षा गरिएजस्तो विकास भएको छैन होला, त्यसैले त परिवर्तनकारी हस्तक्षेप गर्दै हिँडेका छौँ, देशमा परिवर्तन ल्याउनका लागि हिँडेका हौँ", उहाँले भन्नुभयो ।

अध्यक्ष ओलीले भन्नुभयो, "हामी निर्णायक राष्ट्रिय शक्तिका रुपमा पुगेका छौँ, हाम्रो नीतिहरु नै राष्ट्रिय नीति हुन्, आज नेता तथा आमकार्यकर्ताले नेतृत्वप्रति विश्वास गरेका छन् । एमाले पार्टीमा ठूलो जमात महिलाको छ र पार्टीलाई जोगाउने काममा महिला साथीहरूको भूमिका विशेष छ । सबै मिलौँ, पार्टीलाई अझ सुदृढ, सशक्त र लोकप्रिय बनाऔँ ।"

उहाँले पार्टीप्रति आमजनता र कार्यकर्ताले देखाएको विश्वासका कारण आन्दोलन हाँक्नसक्ने शक्ति प्राप्त भएको उल्लेख गर्दै पार्टीका नेता तथा कार्यकर्ताको सजगताप्रति आफू ढुक्क रहेको बताउनुभयो ।

**लिपुलेक हाम्रो हो भन्ने चीनलाई स्पष्ट भनेका छौ**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) पार्टीका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली भूमि लिपुलेकलाई व्यापारिक मार्ग बनाउने चीन र भारतबीचको सहमतिप्रति चीनसमक्ष आपत्ति दर्ज गरिएको बताउनुभएको छ ।

यही भदौ १४ देखि १८ गतेसम्मको चीन भ्रमणका क्रममा चीनका राष्ट्रपति सी चिनफिङसँगको भेटमा आफूले असहमति राखेको स्पष्ट गर्नुभयो ।

ललितपुरको सनराइज सभा हलमा आजदेखि सुरु भएको पार्टीको दोस्रो विधान महाधिवेशनमा उद्घाटन मन्तव्य दिँदै अध्यक्ष ओलीले यसबारे भारतसँग पनि स्पष्ट कुरा राख्दै आएको बताउनुभयो । प्रधानमन्त्री ओलीले चीनको ग्लोबल सेक्युरिटी इनिसियिटभ (जिएसआई) मा कुनै समर्थन नगरिएको पनि स्पष्ट गर्नुभयो ।रासस



## मानव बेचबिखनविरुद्धको दिवस :
# बढ्दै मानव बेचबिखनको सञ्जाल

काठमाण्डु । पहिला मानव बेचबिखन भन्ने बित्तिकै यौन शोषणका लागि महिलालाई बेचिन्छन् भन्ने थियो तर अहिले सूचना प्रविधिको विकाससँगै मानव बेचखिनका स्वरुपहरु पनि फेरिएका छन् । अहिले पढे लेखेका महिला/पुरुष पनि बेचिने गरेका छन् ।

मानव अङ्ग बेचबिखन गर्नका लागि पनि मानवको तस्कर हुने गरेको छ । एउटा देशमा काम गर्न लगाइदिन्छु भनेर अर्को देशका लैजाने वा वैदेशिक रोजगारीमा जाने, 'भिजिट भिसा'मा जानेहरु पनि बेचबिखनको जोखिममा पर्ने गरेका छन् ।

मानव बेचबिखनमा परेर नेपाल फर्कन सफल शक्ति समूहका संस्थापक अध्यक्ष चरिमाया तामाङलाई मानव बेचबिखनको ठूलो सञ्जाल भएको अनुभव छ । "सूचना प्रविधिको विकाससँगै मानव बेचबिखनका रुपमा पनि बदलिँदै गएको छ, प्रविधिको सञ्जालीकरणका कारणले अहिले कुनै सिमाना छैन", तामाङले भन्नुभयो, "मानवलाई प्रविधिको सञ्जालको चक्रब्यूहमा पारेर बेचबिखन हुने गरेको छ, दलालले जालो फैलाएको छ, दुश्चक्रभित्र मानवहरु परेर बेचबिखन भइरहेको छ ।"

चरीमायालाई पनि पहिला यौन शोषणका लागि मात्रै बेचबिखन हुने भए पनि अहिले एउटा मात्रै तरिका वा उद्देश्यले मानव बेचबिखन हुन नगरेको अनुभव छ । "विगतमा गरिबका छोराछोरी बेचबिखनमा पर्ने थिए, पढ्ने अवसर नपाएका, अबोध छोरीहरु बेचिन्थे", तामाङले थप्नुभयो, "अहिले दलालमार्फत मात्र होइन, प्रविधिमार्फत जोडिन्छन्, नेपालभित्र र बाहिर बेचबिखन भइरहेको छ ।"

विसं २०५३ साउन ७ गते नेपाल आउन सफल भएकी शक्ति समूहका संस्थापक अध्यक्ष तामाङ १२८ नेपाली चेली भारतबाट स्वदेश ल्याउँदा नेपाल फर्कन सफल हुनुभएको थियो । सरकार २०५३ साउन ४ गते सय र सोही वर्षको साउनमा २८ जना स्वदेश फिर्ता गर्न सफल भएको थियो । "बेचिएर फर्कने महिलामध्ये एक म थिएँ, त्यो फर्कन पाएकामा धेरै खुसी लागेको थियो", उहाँले त्यो पीडादायी क्षण सम्झँदै सुनाउनुभयो, "बेच्ने दलाललाई कारबाही गर्नुपर्छ, कुनै पनि नेपाली छोरीहरु बेचिनु हुँदैन भनेर आफ्नो जीवनी प्रस्तुत गरेर सचेतना गराउने काममा लागिरहेको छु ।"

चरीमायालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को प्रथम संशोधन विधेयक, २०८१ सदनमा विचाराधीन रहेको ऐन चाँडो पास गरेर तीन तहकै सरकारले यस विषयमा काम गर्नुपर्छ भन्ने लागेको छ । "मानव बेचबिखनले डरलाग्दो रुप लिइरहेको छ, यो ऐन छिटो ल्याएर तीन तहकै सरकारले काम गर्नुपर्छ", उहाँले भन्नुभयो, "कुनै पनि तरिकाले मानवको बेचबिखन हुनु हुँदैन ।"




यो ऐन संशोधन भएर आएमा सङ्घीयताअनुरुप तीनै तहका सरकारको जिम्मेवारीभित्र मानव तस्कर रोक्नु पनि हुनेछ । नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घमा हस्ताक्षर गरेअनुसार कानुन बन्छ । सरकारले कार्यान्वयन गरेको देखिन्छ । "कानुनले धेरै हदसम्म मानव बेचबिखन रोकथाममा सहयोग गर्ने बताउँदै तामाङले थप्नुभयो, "मानव अङ्ग कानुन विपरीत प्रत्यारोपण, मानव बेचबिखनमा यौन शोषण, श्रम शोषण, धेरै कुराको अन्य हुन्छ ।"

चरीमायाले २०५४ सालमा शक्ति समूह नै सञ्चालन गरेर काम गरिरहनु भएको छ । अहिले शक्ति समूहले दुई हजारभन्दा बढीलाई 'सेल्टर' नै दिएर राखिरहेको छ । "कुनै सरकारले सिफारिस गरेको, कोही प्रहरीको सहयोगमा उद्धार गरेको, कोही भागेर आएका हुन्छन्", तामाङले भन्नुभयो," नेपालभित्र, भारतको विभिन्न सहर, दुबईलगायतका स्थानमा आएका छन्, सेल्टरमा गाँस, बास र कपासको व्यवस्था गरेर शारीरिक तथा मानसिक स्वास्थ्य हेर्छौं ।"

सो संस्थाले बेचबिखनमा परेका व्यक्तिलाई ल्याउने मात्रै होइन । पारिवारिक अवस्था पहिचान गर्छ । परिवारमा सम्पर्क गरेर पारिवारिक मिलन गराउने काम गर्छ । "घर पठाइसकेपछि पनि दुई वर्षसम्म सम्पर्कमा रहन्छौँ", तामाङले भन्नुभयो, "वातावरण सहज भए/ नभएको अध्ययन गर्छौं, सबै हेरेर ढुक्क भएपछि मात्रै परिवारमा छाडछौँ ।"

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को प्रथम संशोधन, २०८१ प्रतिनिधिसभामा दर्ता भएको थियो । अहिले कानुन तथा मानव अधिकार समितिमा छलफल भइरहेको छ । भिजिट भिसामा गएका मानिसहरु पनि बेचबिखनमा पर्ने गरेको, रोजगारीमा जाँदा एउटा काममा पठाएको दलालले अर्को काममा अर्कै ठाउँमा पठाउने गर्दा मानिस अलपत्र परेर पनि बेचबिखनमा पर्ने गरेको पाइएको छ ।

राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिका सभापति ठाकुरप्रसाद गैरेले उक्त विधेयकमा धेरै विषयमा संशोधन परिसकेको र छलफल भइरहेको बताउनुभयो । "प्रतिनिधिसभामा दर्ता भएर अहिले प्रतिनिधिसभाको कानुन तथा मानवअधिकार समितिमा छ, संशोधन पनि परेको छ", उहाँले भन्नुभयो, "विधेयकमा बाल सुधारगृह मर्यादाभित्र राख्ने कुरा छ, अहिले १८ वर्षभन्दा माथिका पनि बालगृहमा छन् बालबालिका बेचबिखन रोक्ने, बालश्रम रोकथाम राख्ने, अङ्ग बेच्ने, श्रम शोषण, यौन कार्यमा लगाउने, देशबाहिर बालबालिका ओसारपसार गरेर गलत काममा लगाउने विषय कानुनले धेरै हदसम्म रोक लगाउँछ ।" 'तीनै तहका सरकार मिली गरौँ हातेमालोः मानव बेचबिखनको हटाऔँ दुश्चक्रको जालो' भन्ने नाराका १९औँ मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस, २०८२ आज देशभर मनाइँदैछ ।

सन् २००२ मा काठमाडौँमा सम्पन्न दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को एघारौँ शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखनविरुद्धको सार्क महासन्धि २००२ लाई २०६३ मात्र २० गते तत्कालीन प्रतिनिधिसभाबाट अनुमोदन गरिएको दिनलाई स्मरण गर्दै नेपाल सरकारले हरेक वर्ष भदौ २० गतेलाई मानव बेचबिखनबिरुद्धको राष्ट्रिय दिवस मनाउन सुरु गरेको हो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह (सुडी) ले मानव बेचबिखन तथा ओसारपसार एक जघन्य अपराध भएको र यो सामाजिक रुपमा निन्दनीय, कानुनी रुपमा दण्डनीय भएको बताउनुभयो । "समाजको कलङ्कका रुपमा रहेको यस जघन्य अपराधको रोकयाम र नियन्त्रण गर्नाका साथै मानव बेचबिखन तथा ओसारपसार पीडित तथा प्रभावितहरुको उद्धार, पुनःस्थापना, मनोपरामर्श सेवा तथा कानुनी उपचारका लागि नेपाल सरकारद्वारा विभिन्न कानुनी, संरचनागत र संस्थागत प्रयासहरु भइरहेका छन्," मन्त्री सुडीले भन्नुभयो, "मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधलाई जरैदेखि उन्मूलन गर्न, पीडितलाई उचित न्याय दिलाउन र पीडकलाई कानुनी दायरामा ल्याउन सकियोस् भन्ने उद्देश्य छ ।"

नेपाल सरकारले राष्ट्रिय तथा अन्तरराष्ट्रिय सन्धि, महासन्धि, सम्झौताहरुलाई अनुमोदन गरी सोही बमोजिम कानुन निर्माण तया परिमार्जन गर्न संस्थागत संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिरहेको उहाँको भनाइ छ । मन्त्री सुडीले भन्नुभयो, "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन संशोधनका लागि व्यवस्थापिका-संसद्मा विचाराधीन रहेको छभने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नीतिको मस्यौदा छिट्टै मन्त्रिपरिषद्मा पेस गर्ने तयारीमा रहेको कुरा जानकारी गराउन चाहन्छु ।"नेपालमा मानव बेचबिखन रोकथाम तथा पीडितको उद्धारमा नीतिगत सुधार, तथ्याङ्कमा आधारित रणनीति, सीमा क्षेत्र सुरक्षाको व्यवस्था, उद्धार अभियान र नागरिक-समाजको सक्रियता जरुरी भएको अभियन्ताहरुको भनाइ छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा मानव बेचबिखन तथा ओसारपसार भन्नाले कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने, फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, वेश्यागमन गर्ने भन्ने रहेको छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार मानव बेचबिखन भन्नाले शक्ति वा बल प्रयोग गरेर, धोका वा जबर्जस्ती वा अन्य कुनै माध्यमद्वारा व्यक्तिको स्वीकृति बिना, मानिसहरूलाई बेच्ने वा किन्ने, ओसारपसार गर्ने, बन्दक वा स्वीकृति दिने कार्य हो । यसको उद्देश्य जबर्जस्ती मजदुरी, यौन शोषण, अङ्गको कारोबार वा अन्य कुनै अवैध काम गराउनु हो । यस अपराधले प्रमुख रूपमा महिलाहरू र बालबालिकाहरूलाई असर गर्छ । जो धेरैजसो यौन शोषण र जबर्जस्ती मजदुरीको सिकार हुन्छन् ।

मनोरञ्जनात्मक क्षेत्रमा धेरै पैसा कमाई हुने प्रलोभन देखाएर, यौन शोषणका लागि हुने बेचबिखन, घरेलु काम तथा कारखानामा हुने श्रम शोषण, अवैध मानव अङ्ग प्रत्यारोपण, धर्मपुत्र-धर्मपुत्री बनाउने बहानामा हुने बेचबिखन हुने गरेको छ ।

वैदेशिक रोजगारीको 'ट्रान्जिट' भारत हुँदै तेस्रो मुलुक जाने क्रममा बेचबिखनमा परेका छन् । कानुनअनुरुप विवाह गरेर हुने बेचबिखन, उच्च शिक्षाका लागि विदेश लैजाने नाममा सामाजिक, पारिवारिक तथा रोजगारीको क्षेत्रमा भोग्नु परेका समस्याका कारण सामाजिक लाञ्छना तथा बहिष्कारमा पर्नुपरेको अवस्था छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को अनुसार मानिस किन्ने/बेच्ने कार्यमा संलग्नलाई २० वर्ष कैद र रु दुई लाख जरिवाना हुने व्यवस्था रहेको छ ।

त्यस्तै, सो ऐनमा वेश्यावृत्तिमा लगाउनेलाई १०-१५ वर्ष कैद र ५० हजारदेखि रु एक लाख जरिवाना, अङ्ग झिक्नेलाई १० वर्ष कैद र रु दुई लाखदेखि रु पाँच लाख जरिवानाको व्यवस्था रहेको छ । त्यस्तै, वेश्यागमन गर्नेलाई तीन महिना कैद र रु दुई हजारदेखि पाँच हजारसम्म जरिवाना हुने व्यवस्था रहेको छ । सार्वजनिक पदधारण गरेको व्यक्तिको हकमा २५ प्रतिशत थप सजाय लाग्नेछ भनी व्यवस्था गरेको छ ।रासस

# थप 'ट्रान्फरस्टेसन'का लागि जग्गा प्राप्त नहुँदा क्षेत्रगत रूपमा फोहर व्यवस्थापन हुन सकेन

काठमाण्डु । काठमाडौँ महानगरपालिकाले थप 'ट्रान्फरस्टेसन'का लागि जग्गा प्राप्त गर्न नसक्दा क्षेत्रगत रूपमा गरिने भनिएको फोहर व्यवस्थापन कार्य अघि बढ्न सकेको छैन ।

फोहर व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन र हाल फोहर व्यवस्थापन भइरहेको बञ्चरेडाँडाको आयु बढाउन फोहर वर्ग्गीकरण गर्ने भने पनि हालसम्म उक्त कार्य सुरु हुन नसकेको महानगर वातावरण विभागले जनाएको छ । विभाग प्रमुख सरिता राईका अनुसार जनसङ्ख्या र भूगोलका आधारमा महानगरभित्र छवटा क्षेत्र निर्धारण गरेर सोअनुसार एक-एकवटा ट्रान्फरस्टेसन तयार गरी उक्त स्थानबाट फोहरको अन्तिम




व्यवस्थापनका लागि 'ल्यान्डफिल साइट' बञ्चरेडाँडा लगिने जनाए पनि स्थान अभावकै कारण काम अघि बढ्न नसकेको हो ।

महानगरका सहायक प्रवक्ता धुव्रकुमार काफ्लेले जग्गा प्राप्तिका लागि केही कानुनी प्रक्रिया बाँकी रहेकाले तत्काल काम सुरु हुन नसकेको बताउनुहुन्छ ।रासस

## ओलीको राजनीतिक प्रतिवेदनः
# नेपाली विशेषताको समाजवाद, बहुलता र विविधताको समायोजन



गोदावरी । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को दोस्रो विधान महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओलीले नेपाली विशेषताको समाजवादको अवधारणा अघि सार्नुभएको छ । उहाँले समाजको विशेषताका आधारमा बहुलता र विविधतालाई समाजवादी राज्य प्रणालीमा जोड्ने बताउनुभएको छ।

शुक्रबारदेखि यहाँ सुरु भएको दोस्रो महाधिवेशनमा अध्यक्ष ओलीका तर्फबाट उपमहासचिव प्रदीप ज्ञवालीले राजनीतिक प्रतिवेदन वाचन गर्दै समाजको विशेषताका रूपमा रहेको बहुलता र विविधतालाई समाजवादी राज्यप्रणालीमा सामञ्जस्य गर्दै अगाडि बढाइने उल्लेख गर्नुभयो । उहाँलेभन्नुभयो, “एकरुपतामा एकता होइन, विविधतामा एकतालाई प्रवर्द्धन गरिने छ ।”

प्रतिवेदनमा नेपाली विशेषताको समाजवादको अनिवार्य कार्यभारमा राष्ट्रिय हित, राष्ट्रिय स्वाभिमान, पहिचान र स्वाधीनताको रक्षा तथा विकास भनेर व्याख्या गरिएको छ । नेपाली विशेषताको समाजवादको एक मुख्य आधार ‘परिपूर्ण लोकतन्त्र’लाई भनिएको छ।

अध्यक्ष ओलीद्वारा प्रस्तावित राजनीतिक प्रतिवेदनमा उल्लेख छ, “नेपाली विशेषताको समाजवादको एउटा महत्त्वपूर्ण पक्षका रूपमा लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यतालाई आत्मसात् गर्नेछ । संविधानको सर्वोच्चता, विधिको शासन, मानव अधिकार, शक्ति पृथकीकरण र आवधिक निर्वाचन जस्ता विषयहरू राज्य सञ्चालनका अभिन्न विषय हुनेछन् । दलहरू बीचको प्रतिस्पर्धा सुनिश्चित गरिनेछ । जनताको अभिमतबाट मात्रै शासन सञ्चालन गर्ने, अनिर्वाचित सत्ता नहुने कुराको प्रत्याभूति गरिनेछ ।”

प्रतिवेदनमा वर्ग संरचना खण्डअन्तर्गत निम्न वर्ग, मध्यम वर्ग र उच्च वर्ग भनेर उल्लेख गरिएको छ । जसमा निम्न वर्गको आर्थिक आय प्रायः रु एक लाख पचास हजारभन्दा कम, मध्यम वर्गमा वार्षिक आय करिब रु रु एक लाख पचासदेखि पाँच लाख, उच्च वर्गमा वार्षिक आय रु पाँच लाखभन्दा माथि भएकालाई आधार मानिएको छ ।

जातीय र सामाजिक आयाममा दलित र मुस्लिम समुदायमा भूमिहीन, सीमान्त किसान र न्यून आय वर्गका बढी देखाइएको छ । सन् २०२२ को तथ्यलाई प्रतिवेदनमा आधार मानिएको छ । जसअनुसार औसत गरिबी दर २० दशमलव तीन प्रतिशत दलितमा र त्यो मुस्लिममा ३० प्रतिशतभन्दा बढी रहेको छ । यसैगरी, मानव विकास सूचाङ्कमा पनि जातीय विवेद देखिएको निष्कर्ष प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदनपछि उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्ताव, महासचिव शङ्कर पोखरेलको साङ्गठनिक प्रतिवेदनका साथै अन्य चार आयोगका प्रतिवेदन पनि पेस गरिने छ । यस्तै, स्थायी कमिटी सदस्य कर्ण थापाको फरक मतको प्रतिवेदनसमेत आजै प्रस्तुत हुनेछ। महाधिवेशन आइतबारसम्म सञ्चालन हुनेछ ।रासस

# साझा अधिकार कार्यान्वयनमा स्पष्ट नीति आवश्यक : मन्त्री न्यौपाने

काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले संविधानले केन्द्र, प्रदेश र स्थानीय तहलाई दिएको साझा अधिकार कार्यान्वयनमा स्पष्ट नीति आवश्यक रहेको बताउनुभएको छ।

शुक्रबार काठमाडौँमा आयोजित ‘ गाउँगाउँमा सिंहदरबार’ नामक पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले साझा अधिकार कार्यान्वयनका क्रममा स्पष्ट कानुन नहुँदा समस्या देखिएको बताउनुभयो ।

मन्त्री न्यौपानेले सङ्घीयता सकिने भनेको स्थानीय सरकारबाटै हो । संविधानले स्थानीय तहलाई धेरै अधिकार दिएको छ । केही एकल र केही साझा अधिकार दिएको छ । तर साझा अधिकार कार्यान्वयनको सन्दर्भमा अस्पष्ट छ । त्यसलाई कानुन बनाएर स्पष्ट बनाउनुपर्ने आवश्यकता छ”, उहाँले भन्नुभयो, “स्थानीय तहलाई संविधानले जे अधिकार दिएको छ, स्थानीय सरकार सञ्चालन ऐनले पनि धेरै अधिकार दिएको छ । अब अधिकारलाई थप बलियो



कार्यान्वयनको चरणमा देखिएका चुनौतीहरू समाधानका लागि अझै स्थानीय सरकारलाई थप शक्तिशाली र प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।

“हामीले सङ्घर्ष गरेर तीन तहको सरकार ल्याउन सकेका छौँ । जनताले नजिकबाट सेवा प्रवाह लिन बनाउन जरुरी छ ।”

गाउँगाउँमा सिंहदरबार पुस्तकले स्थानीय सरकार सञ्चालनलाई थप बलियो बनाउन सहयोग गर्ने र यसलाई सशक्त बनाउन सबै जनप्रतिनिधिले ध्यान दिन आवश्यक रहेको उहाँको भनाइ थियो । रासस

## नेपाली विशेषताको समाजवादः
# समृद्ध नेपाल सुखी नेपाली होः अध्यक्ष ओली



गोदावरी । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को दोस्रो विधान महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओलीले नेपाली विशेषताको समाजवादको अवधारणा अघि सार्दै समाजको विशेषताका आधारमा बहुलता र विविधतालाई समाजवादी राज्य प्रणालीमा जोड्ने बताउनुभएको छ।

गोदावरीमा अध्यक्ष ओलीको राजनीतिक प्रस्तावको प्रतिवेदनको विस्तृत विवरण उपमहासचिव प्रदीप ज्ञवालीले वाचन गर्दै हुनुहुन्छ । अध्यक्ष ओलीको नेपाली विशेषताको समाजवादको अवधारणा प्रस्तावमा भनिएको छ, “नेपाली समाजको विशेषताका रूपमा रहेको बहुलता र विविधतालाई समाजवादी राज्यप्रणालीमा सामञ्जस्यका साथ अगाडि बढाइनेछ । एकरुपतामा एकता होइन, विविधतामा एकतालाई प्रवर्द्धन गरिनेछ ।”

नेपालीविशेषताकोसमाजवादको अनिवार्य कार्यभारमा राष्ट्रिय हितको रक्षा, राष्ट्रिय स्वाभिमान, पहिचान र स्वाधीनताको रक्षा तथा विकास भनेर नवीन व्याख्या गरिएको छ । नेपाली विशेषताको समाजवादको एक मुख्य आधार ‘परिपूर्ण लोकतन्त्र’लाई अघि सारिएको छ।

अध्यक्ष ओलीद्वारा प्रस्तावित राजनीतिक प्रतिवेदनमा भनिएको छ, “नेपाली विशेषताको समाजवादको एउटा महत्वपूर्ण पक्ष हो, यसले लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यतालाई आत्मसात गर्नेछ । संविधानको सर्वोच्चता, विधिको शासन, मनावअधिकार, शक्ति पृथकीकरण र आवधिक निर्वाचनजस्ता विषय राज्यसञ्चालनका अभिन्न विषय हुनेछन् । दलहरुको बीचको प्रतिस्पर्धा सुनिश्चित गरिनेछ । जनताको अभिमतबाट मात्रै शासन सञ्चालन गर्ने, अनिर्वाचित सत्ता नहुने कुराको प्रत्याभूति गरिनेछ ।”

प्रतिवेदनमा वर्ग संरचना खण्डअन्तर्गत निम्नवर्ग, मध्यमवर्ग र उच्चवर्गलाई चित्रण गरिएको छ । जसमा निम्नवर्गको आर्थिक आय प्रायः रु १ दशमलव ५ लाखभन्दा कम भएको, मध्यम वर्गमा वार्षिक आय करिब रु १.५-५ लाख हुने, उच्च वर्गमा वार्षिक आय रु पाँच लाखभन्दा माथि भएकालाई आधार मानिएको छ ।

जातीय र सामाजिक आयाममा दलित र मुस्लिम समुदायमा भूमिहीन, सिमान्त किसान र न्यून आय वर्गका बढी देखाइको छ । सन् २०२२ को तथ्यलाई प्रतिवेदनमा आधार मानिएको छ । जसअनुसार औसत गरिबी दर २० दशमलव ३ प्रतिशत दलितमा र त्यो ३० प्रतिशतभन्दा बढी रहेको छ ।

त्यसैगरी, मानव विकास सूचकाङ्कमा पनि जातीय विवेद देखिएको निष्कर्ष प्रतिवेदनमा उल्लेख गरिएको छ ।

२००४ मा मानव विकास सूचकाङ्क बाहुन/क्षेत्रीमा ०.५५२ र नेवारमा ०.४२४ र मुसिल्ममा ०.४०१ मात्र थियो । यी तथ्यले गरिबी घट्ने दरमा पनि असमानता देखाएको । बाहुन क्षेत्रीमा ४६ प्रतिशत र दलितमा २१ प्रतिशत र मुस्लिममा ६ प्रतिशत मात्र रहेको छ ।रासस

# हाम्रो शिक्षालाई ज्ञान, सीप र उद्यमशीलतासँग जोड्नुपर्छ : राष्ट्रपति पौडेल

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले हाम्रो शिक्षालाई ज्ञान, सीप र उद्यमशीलतासँग जोड्नुपर्ने बताउनुभएको छ ।

राष्ट्रपति पौडेलले सेन्ट मेरिज माध्यमिक विद्यालय जावलाखेलको ७०औँ वार्षिकोत्सवका अवसरमा शुक्रबार यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सो धारणा व्यक्त गर्नुभएको हो ।

“विद्याले विनयशील नागरिक जन्माउँछ, अनि सक्षम देशभक्त तयार हुनुपर्छ, हामीले हाम्रो शिक्षालाई ज्ञान, सीप र उद्यमशीलतासँग जोड्नुपर्छ”, राष्ट्रपति पौडेलले भन्नुभयो ।



देशमा उत्पादन, रोजगारी बढाएर आत्मनिर्भर अर्थतन्त्रको विकासप्रति केन्द्रित हुनुपर्नेमा उहाँले जोड दिनुभयो । राष्ट्रपति पौडेलले निश्चय नै शिक्षा अन्तस्करणको चेतना जागृत गर्ने माध्यम मात्र नभएर सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको अचुक अस्त्र पनि हो र यसले आलोचनात्मक चेतको विकास गर्छ भन्नुभयो । साथै, उत्तरदायी, जवाफदेही र निर्णय क्षमता अभिवृद्धिबाट आफू, देश र जनताको हितमा समर्पित हुने ऊर्जा शिक्षाले दिने उहाँको भनाइ थियो ।

मुलुकमा राजनीतिक परिवर्तनपछि शिक्षा, स्वास्थ्य, सञ्चार एवं सूचना प्रविधि, सडक, पूर्वाधार, जलविद्युत् र ग्रामीण क्षेत्रको विकासमा प्रगति भएको बताउँदै उहाँले यही लोकतान्त्रिक शासन प्रणालीले निर्वाध स्वतन्त्रता मात्र होइन विकास, भरोसा र प्रगतिको उज्यालो देखाएको छ भन्नुभयो । “सच्चिने, सिंहावलोकन गर्ने अनि अगाडि बढ्ने उच्चतम अवसर यही शासन प्रणालीले निःसृत गरेको छ, हामीले निराशा, गुनासा र असन्तुष्टि त्याग्नै पर्छ । अनि सुशासनको माध्यमबाट आशा, भरोसा, प्रगति र विकासको एउटा अविराम यात्रालाई सबै मिलेर पूरा गर्नु हामी सबैको साझा दायित्व हो”, राष्ट्रपति पौडेलले भन्नुभयो ।

उहाँले युग निर्माणको यो युगिन अवसरबाट हामी चुक्न हुँदैन भन्दै त्यसको लागि आवश्यक योजना, उपयुक्त नीति, स्वप्नदर्शी नेतृत्व र जनता केन्द्रित सरकारका कार्यक्रम आवश्यक भएको धारणा व्यक्त गर्नुभयो । “त्यही अनुसारको शिक्षा दिएर सक्षम, योग्य र उद्यमशील जनशक्ति उत्पादन गर्नेतर्फ हाम्रो ध्यान केन्द्रित हुनुपर्दछ, नीति निर्माता, सरकार र शिक्षण संस्थाको अर्जुन दृष्टि यसैमा केन्द्रित होस् भन्ने म चाहन्छु”, उहाँले भन्नुभयो ।

उहाँले शिक्षा प्राप्त गर्नु भनेको केवल ज्ञान प्राप्त गर्नु मात्र हैन, यसले जीवनको आदर्शलाई उच्च बनाउनुपर्छ भन्नुभयो । “न्याय, निष्ठा, नम्रता, स्वाभिमान, स्वतन्त्रता, मानवता, प्रेम, सेवा, करुणा जस्ता मानवीय गुणका शास्वत र अनन्त स्वरूपलाई धारण गर्दै सार्थक जीवन जीउने कला सिकाउनुपर्दछ । असल र गुणस्तरीय शिक्षाबाट नै मानव जीवनको सार्थकता प्रमाणित गर्न सकिन्छ”, उहाँले भन्नुभयो ।रासस

# समयमै गुणस्तरीय काम गर्नुस्, शान्तिसुरक्षाको व्यवस्था सरकारले गर्छः गृहमन्त्री लेखक

दोधारा चाँदनी । गृहमन्त्री रमेश लेखकले निर्माण व्यवसायीहरुले पूर्वाधार निर्माण गुणस्तरीयका साथै समयमै काम सम्पन्न गर्नुपर्ने बताउनुभएको छ ।

यहाँ शुक्रबार आयोजिक निर्माण व्यवसायी सङ्घको २८औँ साधारणसभा एवं १५औँ अधिवेशनलाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले समयमै विकास निर्माणका काम सम्पन्न नहुँदा आयोजनाको लागत बढेको बताउनुभयो ।

“निर्माण व्यवसायीहरुले समयमा गुणस्तरीय काम सम्पन्न गर्नुपर्छ, शान्तिसुरक्षाको व्यवस्था सरकारले गर्छ,” उहाँले भन्नुभयो, “निर्माण व्यवसायको क्षेत्रमा देखिएका समस्या समाधानमा सरकार लाग्छ ।” उहाँले कुनै पनि सार्वजनिक काममा अशान्ति हुन नहुने उल्लेख गर्दै देशभरिका विकास निर्माणका काममा चन्दा असुली गर्ने, धम्क्याउने जस्ता गतिविधि सरकारले सहन गर्न नसक्ने बताउनुभयो ।

पछिल्लो समय निर्माण व्यवसायको क्षेत्रमा गुणस्तरीय काम हुन नसक्नु र समयमै काम हुन नसक्ने समस्या देखिएकाले यसको समाधानमा लाग्नुपर्नेमा गृहमन्त्री लेखकले जोड दिनुभयो ।

“भौतिक पूर्वाधारका काममा गुणस्तरीयता आवश्यक छ, गुणस्तरीय काम हुन सकेन भने राज्यको अर्थको अपवेय हुन्छ, नागरिकले ठीक ढङ्गले सेवा लिन सक्दैनन,” गृहमन्त्री लेखकले भन्नुभयो, “समयमै काम सम्पन्न नहुँदा आयोजनाको मूल्य बढ्दै गएको छ, अहिले एउटै आयोजनाको २०० प्रतिशतसम्म



मूल्य अभिवृद्धि भएको छ ।” यसमा निर्माण व्यवसायी मात्रै दोषी नभएको उहाँको भनाइ थियो ।

गृहमन्त्री लेखकले राष्ट्रिय निर्माण क्षमताको अभिवृद्धि गर्नुपर्ने बताउनुभयो । विकास निर्माण र भौतिक निर्माणको क्षेत्रमा काम गर्ने सबै निकायलाई राम्रो गर्दै जार्नुपर्ने उहाँले बताउनुभयो । “सरकारी निकायको पनि पूर्ण रुपले क्षमता वृद्धि भएको छैन,” उहाँले भन्नुभयो, “सरकारी र गैरसरकारी निर्माणसँग सम्बन्धित संस्थाहरुको क्षमता वृद्धि भए मात्रै राष्ट्र निर्माणको आधार तयार गर्न सकिन्छ ।”

वर्तमान सरकारको प्राथमिकतामा नीतिगत सुधार, कानुनी सुधार, सुशासन र दण्डहीनताको अन्त्य गरी विकास निर्माणलाई द्रुतगतिमा अगाडि बढाउने रहेको गृहमन्त्री लेखकले बताउनुभयो । वर्तमान सरकार अर्थतन्त्रलाई लयमा ल्याउने उद्देश्यका साथ काम गरिहेको उहाँको भनाइ थियो ।

“यो सबै कुराको पूर्वसर्त स्थायी सरकार हो, त्यसकारण दुई ठूला पार्टी मिलेर स्थायी सरकार बनेको छ,” उहाँले भन्नुभयो, “अहिलेको सरकारले नीतिगत र कानुनी सुधारलाई प्राथमिकताका साथ काम गरिरहेको छ ।” निर्माण व्यवसायीहरुलाई निर्धक्कसँग विकास निमार्णका काम गर्न गृहमन्त्री लेखकले आग्रह गर्नुभयो । वर्तमान सरकारले निर्माण व्यवसायीहरुलाई वर्षौंदेखि तिर्न बाँकी रहेको रु ३५ अर्ब रकम भुक्तानी गरिरहेको सो अवसरमा उहाँले जानकारी दिनुभयो ।रासस

# श्रम र उत्पादन प्रेरित गर्ने राजनीतिक प्रतिवेदन प्रस्तुत भएको छ : एमाले प्रचार विभाग

पाटन । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा पार्टीलाई बहुमतमा पुऱ्याउने गरी राजनीतिक प्रतिवेदन प्रस्तुत भएको बताउनुभएको छ ।

ल लि त पु र को गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा शुक्रबारदेखि सुरु भएको नेकपा (एमाले)को दोस्रो विधान महाधिवेशनमा प्रस्तुत भएको राजनीतिक प्रतिवेदन र अन्य प्रतिवेदनहरूका बारेमा जानकारी दिनुहुँदै विभाग प्रमुख गौतमले अध्यक्षले प्रस्तुत गर्नुभएको ९१ पेजको राजनीति प्रतिवेदनमा परि पूर्ण लोकतन्त्रलाई आधार बनाएर गौरवशाली इतिहास र आशापूर्ण वर्तमानको व्याख्या गर्दै उत्पादन पद्धतिमा आएको फेरबदललाई समेत विश्लेषण गरिएको बताउनुभयो ।

“प्रतिवेदनमा क्षणिक असन्तुष्टि र आवेगलाई समातेर लोकप्रियताका आधारमा पार्टी निर्माण गर्नेहरूले दीर्घकालीन सोचका साथ राष्ट्रिय नेतृत्व गर्न सक्दैनन् भन्ने विषय समेटिएको छ, श्रम र उत्पादनप्रति प्रेरित गर्ने, उद्यमबिनाको आय, श्रमबिनाको उपलब्धिलाई निरुत्साहित गर्ने सोच राखिएको छ, नेपाली समाजको वर्ग संरचनाको विश्लेषण गरिएको छ, नेपालको भूराजनीतिक प्रभाव, अवलम्बन गर्नुपर्ने परराष्ट्र नीतिका बारेमा चर्चा गरिएको छ”, उहाँले भन्नुभयो ।

प्रमुख गौतमले नेपालले स्वतन्त्र राष्ट्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नुपर्ने विषय उल्लेख गरिएको छ भन्नुभयो । “पहिलो पार्टी निर्माण र दोस्रो देशको निर्माणको विषयलाई समेटिएको छ, समृद्ध नेपाल, सुखी नेपालीलाई कार्यान्वयन गर्ने व्याख्या प्रतिवेदनमा समेटिएको छ”, उहाँले भन्नुभयो ।

उहाँले क्षेत्रीय पार्टीले राष्ट्रिय सोचका आधारमा चल्न सक्दैनन् भन्ने तर्क गर्नुभयो ।

“नयाँ भनिएका दलहरूको कुनै कार्यक्रम, स्थापित नीति, सिद्धान्त छैन लोकप्रियताका आधारमा पार्टी निर्माण गर्नेहरूले निराशा मात्रै बटुल्ने काम गरे, यिनीहरूको दीर्घकालीन नीति छैन, राष्ट्रलाई सुशासन दिन नेतृत्व दिन सक्दैनन्, उनीहरू एउटा सीमाभित्र मात्र केन्द्रित छन्”, उहाँले भन्नुभयो ।रासस

# जलवायु सङ्कट श्रमजीवी वर्गको साझा मुद्दा हो : अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जलवायु परिवर्तनका असरबारे गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले उक्त सङ्कटको समाधान श्रमजीवी जनताको एकतामार्फत मात्रै सम्भव हुने बताउनुभयो ।

माओवादी केन्द्र वन, वातावरण तथा जलवायु विभागले आयोजना गरेको ‘वन, वातावरण तथा जलवायु र व्यवस्थापन अवधारणापत्रमाथिको अन्तक्रिया’ कार्यक्रममा पूर्वप्रधानमन्त्री समेत रहनुभएका दाहालले जलवायु परिवर्तनको असरलाई पुँजीवादी विकास मोडलको असफलताको परिणामका रूपमा चित्रित गर्नुभयो ।



अध्यक्ष दाहालले भन्नुभयो, “आजको विश्वमा जलवायु परिवर्तनका कारण मानव जातिको अस्तित्व नै सङ्कटमा छ । यसको समाधान यदि सही ढङ्गले गर्न सकिएन भने यो सङ्कट झन् गहिरो हुँदै जानेछ ।” अध्यक्ष दाहालले आफू सरकारको नेतृत्वमा रहँदा विभिन्न अन्तरराष्ट्रिय फोरमहरूमा जलवायु न्यायको पक्षमा आवाज उठाएको उल्लेख गर्दै भन्नुभयो, “हामीले सबै गरिब राष्ट्रहरूको प्रतिनिधिका हैसियतले नेपालको नेतृत्वमा विश्वका सबै गरिब राष्ट्रका जनताको आशा र विश्वास कायम होस् भन्ने उद्देश्यले अन्तरराष्ट्रिय मञ्चहरूमा यो मुद्दा गम्भीर ढङ्गले उठाउँदै आएका छौँ ।”

उहाँले धनी राष्ट्रहरूको नाफामुखी अवधारणाकै कारण कार्बन उत्सर्जन भइरहेता पनि त्यसको प्रतिकूल असर गरिब राष्ट्रहरूका जनताले व्यहोर्नुपरेको र कार्बन क्षतिपूर्तिस्वरूप दिने भनिएको रकमसमेत अहिलेसम्म नदिइएकामा विश्वका तेस्रो मुलुकको नेतृत्व लिएर आवाज उठाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।अध्यक्ष दाहालले सामुदायिक वन व्यवस्थापनको अवधारणा नेपालमा सही उद्देश्यले ल्याइएको भए पनि त्यसमा पछिल्लो समय विकृति देखिएको बताउनुभयो ।

कार्यक्रममा तयार पारिएको अवधारणापत्रको प्रशंसा गर्दै अध्यक्ष दाहालले यो केवल पार्टीको दस्तावेजमात्र नभई अन्तरराष्ट्रिय हस्तक्षेप र संवादको महत्त्वपूर्ण दस्तावेज बन्न सक्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा माओवादी केन्द्रका उपमहासचिव तथा विभागका इन्चार्ज शक्तिबहादुर बस्नेत, पूर्वमन्त्रीहरू, सबै प्रदेशका नेता तथा विज्ञहरूको समेत उपस्थिति थियो ।रासस

जनकपुर टुडे



# युक्रेनका लागि पश्चिमा सुरक्षा प्रत्याभूतिको प्रस्ताव रूसद्वारा अस्वीकार

मस्को ।रुसले युक्रेनसँग कुनै पनि शान्ति सम्झौतापछि युद्धग्रस्त देशमा तैनाथ गर्न 'आश्वासन बल'मा सामेल हुने प्रतिबद्धता जनाएपछि रुसले शुक्रबार युक्रेनका लागि पश्चिमी सुरक्षा ग्यारेन्टीको धारणालाई अस्वीकार गरेको छ।

शान्ति सम्झौता वा युद्धविराममार्फत युद्ध अन्त्य भएमा युक्रेनलाई प्रस्ताव गर्न चाहने मुख्यतः युरोपेली देशहरूको गठबन्धनले रुसलाई आफ्नो छिमेकीमाथि फेरि आक्रमण गर्नबाट रोक्ने सुरक्षा बल युक्रेनी सुरक्षा कवचको एक प्रमुख आधार हो।

पेरिस शिखर सम्मेलनपछि युरोपेली नेताहरूले राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भिडियो कन्फरेन्समार्फत कुरा गरे पनि कुनै पनि अमेरिकी संलग्नताको सीमा अनिश्चित छ। शुक्रबार क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले युक्रेनका लागि पश्चिमी सुरक्षा सुनिश्चितताको विचारलाई अस्वीकार गर्दै भन्नुभयो, "'विदेशी र विशेष गरी युरोपेली र अमेरिकी' सैनिकहरूले निश्चित रूपमा किएभलाई यस्तो आश्वासन दिन सक्दैनन्।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँले आयोजना गर्नुभएको पेरिस शिखर सम्मेलनमा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले प्रत्यक्ष भाग लिनुभएको थियो भने बेलायती प्रधानमन्त्री केइर स्टार्मरलगायतका गठबन्धन सहयोगीले अनलाइनमार्फत् सहभागिता जनाएका थिए।

ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग प्रत्यक्ष वार्ता सुरु गरेपछि युरोपले अमेरिकाबाट



स्वतन्त्र रूपमा काम गर्न सक्छ भन्ने देखाउन म्याक्रौँको नेतृत्वमा भएको नयाँ प्रयासको प्रतिनिधित्व यो बैठकले गरेको थियो।

संयुक्त राज्य अमेरिकाको प्रतिनिधित्व ट्रम्पका विशेष दूत स्टिभ विटकोफले गर्नुभएको थियो उहाँले जेलेन्स्कीसँग छुट्टाछुट्टै भेट गर्नुभएको थियो।ट्रम्पले युरोपेली नेताहरूसँगको कुराकानीपछि पुटिनसँग छिट्टै कुरा गर्ने बताउनुभएको छभने पेस्कोभले शुक्रबार यस्तो आह्वान चाँडै गर्न सकिने पुष्टि गर्नुभएको छ।

**पहिलो ठोस कदम**

रुसले सन् २०२२ को फेब्रुअरीमा पूर्ण आक्रमण सुरु गरेको साढे तीन वर्षदेखि युरोपमाथि आफ्नो प्रतिक्रिया बढाउन दबाब परेको छ।

म्याक्रौँले जेलेन्स्कीको छेउमा उभिएका पत्रकारसँग भन्नुभयो, "आज हामीसँग युक्रेनमा 'आश्वासन बल' को रूपमा सैनिकहरू तैनाथ गर्न वा जमीनमा, समुद्रमा वा हावामा उपस्थित हुन २६ देश तयार छन् । उनीहरूले औपचारिक रूपमा प्रतिबद्धता जनाएका छन् । केही अन्यले अझैसम्म अडान लिएका छैनन्।"

जेलेन्स्कीले यस कदमको प्रशंसा गर्दै भन्नुभयो, "मलाई लाग्छ लामो समयपछि आज पहिलो यस्तो गम्भीर ठोस कदमका लागि आश्वासन आएको छ।"

फ्रान्सका राष्ट्रपतिले भन्नुभयो, "यी सैनिकलाई अग्रपङ्क्तीमा तैनाथ गरिने छैन, तर 'कुनै पनि नयाँ ठूलो आक्रमण रोक्न' लक्षित गरिएको छ।

म्याक्रौँले अर्को प्रमुख आधार युक्रेनी सेनाको 'पुनरुत्थान' भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यसले गर्दा उसले 'नयाँ आक्रमणको प्रतिरोध मात्र गर्छ र रुसलाई नयाँ आक्रमणबाट रोक्न सक्षम हुन्छ।" म्याक्रौँले युक्रेनका लागि सुरक्षा प्रत्याभूतिमा भाग लिन अमेरिका आफ्नो इच्छाबारे 'निकै स्पष्ट' रहेको बताउनुभयो । यद्यपि, अमेरिकाको योगदान अझै अस्पष्ट छ।

जर्मन चान्सलर फ्रेडरिक मर्जले थप दबाब दिन आग्रह गरे पनि संलग्नताको दायराबारे सतर्क रहेर गठबन्धनभित्र विभाजनहरू पनि छन्।

जर्मन सरकारका प्रवक्ताले बैठकपछि भन्नुभयो, "जर्मनीले उपयुक्त समयमा सैन्य संलग्नताबारे निर्णय गर्नेछ।" इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले पनि आफ्नो देशले युक्रेनमा सेना नपठाउने तर कुनै पनि सम्भावित शान्ति सम्झौताको निगरानी गर्न सहयोग गर्न सक्ने बताउनुभएको छ । यसै साता पुटिनको चीन भ्रमणपछि खतरा बढ्दै जाँदा पुटिनले शान्ति सम्झौतामा चासो नदेखाएको चिन्ता पनि बढेको छ।

**समयका लागि खेल**

द्वन्द्व अन्त्यका लागि सम्झौता गर्न पुटिनको अनिच्छालाई लिएर पश्चिमा मुलुकहरूमा निराशा बढ्दै गएको छ।

जेलेन्स्कीका अनुसार ट्रम्पसँगको भेटमा रुसमाथिको प्रतिबन्ध र युक्रेनको हवाई क्षेत्रको सुरक्षाबारे छलफल भएको थियो । जेलेन्स्कीले सामाजिक सञ्जालमा एक्समा लेख्नुभएको छ, "हामीले विभिन्न विकल्पमा छलफल गर्यौं र सबैभन्दा महत्वपूर्ण भनेको युद्ध अन्त्यका लागि कडा र विशेष गरी आर्थिक उपायहरू प्रयोग गर्नु हो।"ह्वाइट हाउसले युरोपेली मुलुकहरूलाई 'युद्धका लागि आर्थिक सहयोग गर्ने' रुसी तेल खरिद नगर्न आग्रह गरेको जनाएको छ।

उत्तरी युक्रेनमा बिहीबार रुसी रकेट आक्रमणमा डेनिस शरणार्थी परिषद्का दुई जनाको मृत्यु भएको युक्रेनी स्थानीय गभर्नरले बताएका छन् ।यदि रुसले शान्ति सम्झौतालाई अस्वीकार गरिरह्यो भने अमेरिकासँगको समन्वयमा थप प्रतिबन्धलगाउने म्याक्रौँले चेतावनी दिनुभएको छ। उहाँले रुसले 'समयको लागि खेल्ने कोसिस गर्नेबाहेक अरू केही नगरेको' र सर्वसाधारणमाथि आक्रमण तीव्र बनाएको आरोप लगाउनुभयो।

पुटिनको चीन र संयुक्त राज्य अमेरिकाको उच्चस्तरीय भ्रमणपछि गत महिना अलास्कामा ट्रम्पसँग भेटवार्ता भएको थियो ।चिनियाँ राष्ट्रपति सी जिनपिङसँग बेइजिङमा आयोजित विशाल सैन्य प्रदर्शनमा भाग लिएका पुटिनले युक्रेनमा आफ्नो सेनाको प्रगतिको प्रशंसा गर्दै रुसी सेना 'सबै मोर्चामा' अघि बढिरहेको बताउनुभयो। रासस

# थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन अदालतको जोखिमपूर्ण फैसला अघि अचानक प्रस्थान

एपी

बैङ्कक । थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राले बिहीबार अनपेक्षित रूपमा देश छाड्नुभएको छ । उहाँले देश छाडेको पाँच दिनपछि अदालतले उहाँलाई नयाँ जेल सजाय सुनाउन सक्नेछ।

उहाँको प्रस्थान छोरी पेटोङ्टार्न सिनावात्रालाई संवैधानिक अदालतले प्रधानमन्त्री पदबाट हटाएको एक हप्तापछि भएको हो । अदालतले पेटोङ्टार्नलाई कम्बोडियाका सिनेट अध्यक्ष हुन सेनसँग राजनीतिक सम्झौतासम्बन्धी फोनकलका कारण नैतिकता उल्लङ्घनमा दोषी ठहर गरेको थियो।

पेटोङ्टार्नको उत्तराधिकारी चयनका लागि शुक्रबार संसद्मा मतदान हुने तय थियो । धेरैले यसलाई थाक्सिनको दुई दशकभन्दा लामो राजनीतिक प्रभावको अन्त्यको सङ्केतको रूपमा हेरेका छन् । यस अवधिमा उहाँविरुद्ध थुप्रै मुद्दा दर्ता भए पनि उहाँले जेलमा लामो समय बिताउनुभएको छैन।

बैङ्ककको डन मुयाङ विमानस्थलमा थाक्सिनले अध्यागमन अधिकारीलाई आफ्नो निजी जेट सिङ्गापुरतर्फ जाने बताउनुभयो । प्रहरीले पुष्टि गरेअनुसार उहाँमाथि कुनै गिरफ्तारी वारेन्ट वा रोक आदेश नभएकाले ७ बजेपछि विमानलाई उडान अनुमति दिइयो ।तर एपीले विश्लेषण गरेको फ्लाइट-ट्र्याकिङ डाटाले उहाँको बोम्बार्डियर बीडी-७०० जेट सिङ्गापुरतर्फ गएको देखिए पनि अचानक पश्चिम फर्केर दुईपटक घुमी भारततर्फ अघि बढेको देखाएको छ।

थाक्सिनले एक्समा उहाँ मेडिकल चेकअपका लागि सिङ्गापुर जान लागेको तर थाई अध्यागमन प्रक्रियाले दुई घण्टा ढिलाइ गरेको लेख्नुभएको छ । सेलेटार विमानस्थलको राति १० बजेपछि



बन्द हुने नियमका कारण विमान अवतरण गर्न नसक्ने भएपछि उहाँले मार्ग परिवर्तन गरी दुबई जाने निर्णय गरेको बताउनुभयो।

थाक्सिन सन् २००८ मा सुरु भएको स्व-निर्वासन अवधिमा दुबईमै बस्दै आउनुभएको थियो । उहाँले त्यहाँ आफ्ना नियमित चिकित्सकहरू रहेको उल्लेख गर्नुभयो।

उहाँको यो यात्राले सम्भावित जेल सजाय टार्ने प्रयास भएको शङ्का जन्माएको छ।

तर उहाँले मङ्गलबार अदालतमा उपस्थित हुन थाइल्यान्ड फर्किने इच्छा प्रकट गर्नुभएको छ ।थाक्सिन सन् २००१ देखि सन् २००६ मा सैनिक कूले अपदस्थ नभएसम्म प्रधानमन्त्री हुनुहुन्थ्यो । सन् २००८ मा संक्षिप्त रूपमा थाइल्यान्ड फर्किए पनि भ्रष्टाचार मुद्दाको फैसला अघि उहाँ फेरि विदेश जानुभयो।

भ्रष्टाचार, शक्तिको दुरुपयोग र राजतन्त्रप्रति अनादरका आरोपमा उहाँलाई निर्वासन गरिएको थियो । सन् २०२३ मा उहाँ फर्केर भ्रष्टाचारसम्बन्धी तीन मुद्दामा आठ वर्षको सजाय भोग्नुपर्ने थियो । तर स्वास्थ्य कारण जेलको सट्टा पुलिस जनरल अस्पतालमा राखिनुभयो । पछि राजा महा भाजिरालोङ्गकोर्नले सजाय एक वर्षमा घटाइदिनुभयो र उहाँ छ महिनापछि प्यारोलमा रिहा हुनुभयो । विशेष उपचार पाएको आरोपबीच मङ्गलबारको सर्वोच्च अदालतको फैसला निर्णायक हुने मानिएको छ । अदालतले सुधार विभागले उहाँको मुद्दा कानूनअनुसार सम्हालेको वा नसम्हालेको भन्ने ठहर गर्नेछ । यदि थाक्सिन प्रत्यक्ष संलग्न ठहर हुनुभयो भने नयाँ जेल सजाय सम्भावित छ।

पद छाडेयता थाक्सिनले मुद्दाहरूलाई राजनीतिक प्रेरित भन्नुभएको छ। गत महिना उहाँलाई शाही मानहानि (लेसे-माजेस्टे) आरोपबाट मुक्त गरिएको थियो । उक्त आरोपले उहाँलाई १५ वर्षको जेल सजाय दिन सक्थ्यो।

उहाँकी बहिनी, यिङलक सिनावात्रा सन् २०१७ मा अपदस्थ भएपछि पनि दुबईमा निर्वासनमा हुनुहुन्छ र अनुपस्थितिमा दोषी ठहर हुनुभएको छ ।दुबई, संयुक्त अरब इमिरेट्सको सबैभन्दा ठूलो सहर, राजनीतिक वा कानूनी चुनौती भोगेका नेताहरूको आश्रयस्थल रहँदै आएको छ।

त्यहाँ पाकिस्तानी जनरल परवेज मुशर्रफले समेत बसोबास गर्नुभएको थियो । मुशर्रफले सन् १९९९ मा कू गरी सत्ता कब्जा गर्नुभएको थियो र पछि अफगान युद्धमा अमेरिका पक्षमा उभिनुभएको थियो।

# थाई संसद्ले नयाँ प्रधानमन्त्री छान्दै



एपी

बैङ्कक । थाई सांसदहरू शुक्रबार नयाँ प्रधानमन्त्री चयनका लागि भेला भएका छन् । प्रमुख दलहरूले भने चाँडै संसद् विघटन गरी आम चुनाव घोषणा गर्ने प्रतिस्पर्धी वाचा गरेका छन् । उनीहरूले यसलाई देशको राजनीतिक सङ्कट समाधान गर्ने बाटोका रूपमा प्रस्तुत गरेका छन्।

सन् २०२३ को आम निर्वाचनमा मनोनित भएका पाँच उम्मेदवारमध्ये मात्र संवैधानिक नियमअनुसार प्रधानमन्त्री बन्न योग्य छन् । तीमध्ये भुमजाइथाई पार्टीका नेता अनुतिन चार्नविराकुल पद सुरक्षित गर्ने सबैभन्दा सम्भावित उम्मेदवारका रूपमा देखिनुभएको छ।

गत हप्तामात्र संवैधानिक अदालतले पेटोङ्टार्न सिनावात्रालाई कम्बोडियाका सिनेट अध्यक्ष हुन सेनसँग सीमासम्बन्धी विवादमा गरिएको फोनवार्तालाई नैतिकता कानून उल्लङ्घन गरेको ठहर गर्दै प्रधानमन्त्री पदबाट पदच्यूत गरेको थियो । यो विवाद जुलाईमा पाँच दिनसम्म चलेको घातक द्वन्द्वमा परिणत भएको थियो।

अनुतिन र फेउ थाई पार्टीका उम्मेदवार चैकासेम नितिसिरीलाई आधिकारिक रूपमा उम्मेदवारका रूपमा प्रस्ताव गरिएको छ । प्रधानमन्त्री बन्न दुवैलाई सदनमा बहुमत पाउन कम्तीमा दुई सय ४७ मत आवश्यक छ।

हाल कार्यवाहक सरकारको नेतृत्व गरिरहेको फेउ थाई पार्टीले मङ्गलबार संसद् विघटन गर्ने प्रयास गरे पनि, कार्यवाहक प्रधानमन्त्रीले राजाको प्रिभी काउन्सिलले यो माग अस्वीकार गरेको बताउनुभएको छ ।पूर्वमहान्यायाधिवक्ता तथा न्यायमन्त्री चैकासेमले बिहीबार संसद्मा उद्धाटन सम्बोधन गर्दै आफू निर्वाचित भए तुरुन्तै संसद् विघटन गर्ने प्रतिज्ञा गर्नुभयो।

अनुतिनले आफ्नै पार्टी र सहयोगी दलहरूबाट एक ४६ मत पाएको दाबी गर्नुभएको छ। पिपुल्स पार्टीले पनि आफ्ना एक सय ४३ सांसदले उहाँलाई समर्थन गर्ने बताएको छ। यसरी चार सय ९२ सदस्यीय सदनमा आवश्यक दुई सय ४७ बहुमत सजिलै पुग्ने देखिएको छ।

अन्ठाउन्न वर्षीय अनुतिन सन् २०२३ मा सत्ता लिएको फेउ थाई नेतृत्वको गठबन्धन सरकारमा सहभागी हुनुहुन्थ्यो । यसअघि उहाँले पूर्वप्रधानमन्त्री प्रयुथ चान-ओचाको नेतृत्वमा सेना समर्थित तर निर्वाचित सरकारमा समेत सेवा गरिसक्नुभएको थियो।

अनुतिन गाँजाको अपराधीकरण अन्त्यका लागि प्रभावकारी लबिङ गर्ने नेताका रूपमा परिचित हुनुहुन्छ । हाल यो नीति चिकित्सा प्रयोजनका लागि कडाइका साथ नियमन भइरहेको छ । उहाँले कोभिड-१९ महामारीका समयमा स्वास्थ्यमन्त्रीका रूपमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो । यद्यपि पर्याप्त खोप आपूर्ति ढिलाइ गरेको आरोपसमेत उहाँमाथि लागेको थियो।

अनुतिन प्रधानमन्त्री बनेमा उहाँले पिपुल्स पार्टीलाई समर्थनको बदलामा चार महिनाभित्र संसद् विघटन गर्ने वाचा गर्नुभएको छ। पिपुल्स पार्टीका नेता नाथाफोङ रुएङपान्यावुतले नयाँ सरकारलाई सम्भावित अल्पमतमै छोडेर विपक्षमा बस्ने घोषणा गर्नुभएको छ।

पिपुल्स पार्टीले नयाँ सरकारले निर्वाचित संविधानसभामार्फत संविधान संशोधनका लागि जनमतसङ्ग्रह गर्नुपर्ने माग राखेको छ। पार्टीले सैन्य शासनको समयमा लागू भएको संविधानलाई थप लोकतान्त्रिक बनाउन लामो समयदेखि दबाब दिइरहेको छ। यसअघि मुभ फरवार्ड पार्टी नामले चिनिने पिपुल्स पार्टीले सन् २०२३ को चुनावमा सबैभन्दा धेरै सिट जिते पनि, सदन र सिनेटको संयुक्त मतमा असफल भएपछि सत्ता हासिल गर्नबाट रोकिएको थियो।

सैनिक शासनद्वारा नियुक्त र राजतन्त्रका कट्टर समर्थक रहेका सिनेटरहरूले मुभ फरवार्ड पार्टीको राजतन्त्र सुधार गर्ने नीति अस्वीकार गर्दै उनीहरूको उम्मेदवारविरुद्ध मतदान गरेका थिए । तर अहिले प्रधानमन्त्री चयनमा सिनेटको मताधिकार हटाइएको छ।

मुभ फरवार्डलाई सत्ताबाट रोकिएपछि फेउ थाईले रियल स्टेट उद्यमी स्रेथा थाविसिनलाई गठबन्धन सरकारको नेतृत्वका लागि प्रधानमन्त्री बनायो । तर नैतिकता उल्लङ्घन गरेको ठहरसहित संवैधानिक अदालतले एक वर्षमै उहाँलाई पदच्यूत गर्‍यो।

स्रेथाको स्थानमा पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राकी छोरी पेटोङ्टार्नलाई प्रधानमन्त्री बनाइयो, तर उहाँको सरकार पनि अनुतिनको भुमजाइथाई पार्टीले गठबन्धन त्यागेपछि कमजोर बन्दै गएको थियो।

# १०२ वर्षीय कोकिची अकुजावाद्वारा माउन्ट फुजी आरोहण गरी विश्व कीर्तिमान कायम


एपी

मायबासी ।एक सय दुई वर्षीय कोकिची अकुजावा जापानको सर्वोच्च शिखर माउन्ट फुजी आरोहण गर्दै संसारकै सबैभन्दा वृद्ध पर्वतारोही बन्न सफल हुनुभएको छ। यो उपलब्धिलाई गिनिज वर्ल्ड रेकर्डले अगस्टको सुरुआतमा प्रमाणित गरेको हो।

"म साँच्चिकै आधा बाटोमै छोड्ने मनस्थितिमा पुगेको थिएँ", अकुजावाले एसोसिएटेड प्रेससँगको अन्तर्वार्तामा भन्नुभयो, "शिखरसम्म पुग्नु कठिन थियो, तर साथीहरूको प्रोत्साहनका कारण अन्ततः सफल भएँ। धेरै मानिसको सहयोगले मात्र यो सम्भव भयो।"

अकुजावा आफ्नी ७० वर्षीया छोरी मोटो, नातिनी, नातिनीका पति तथा स्थानीय पर्वतारोहण क्लबका चार सदस्यसँगै आरोहणमा सहभागी हुनुभएको थियो । टोलीले अगस्ट ५ मा समुद्री सतहदेखि तीन हजार सात सय ७६ मिटर (१२ हजार तीन सय ८८ फिट) उचाइमा रहेको जापानको सबैभन्दा अग्लो शिखरमा पुग्नु अघि ट्रेलमा दुई रात शिविरमा बिताएको थियो ।पचहत्तर वर्षीया अर्की छोरी युकिकोले बुबाका कानमा प्रश्नहरू दोहोर्‍याउँदै सहयोग पुर्‍याउनुभयो। अकुजावालाई सुन्न कठिन छ । "उमेरसँगै कुनै पनि पर्वत सामान्य हुँदैन", अकुजावाले भन्नुभयो, "जति सकिन्छ, चढ्नु राम्रो हुन्छ।"

यो अकुजावाको पहिलो रेकर्ड तोड्ने आरोहण भने थिएन । उहाँ ९६ वर्षको उमेरमा नै फुजी आरोहण गर्ने सबैभन्दा वृद्ध व्यक्ति बन्नुभएको थियो। त्यसपछि उहाँले



मुटुको समस्या, असफल आरोहणका चोटपटक, दाद (चर्मरोग) र टाँका झेलेर पनि यात्रालाई निरन्तरता दिनुभएको थियो।

फुजी आरोहण अघि उहाँले तीन महिनासम्म विशेष तालिम लिनुभयो । बिहान ५ बजे उठेर घण्टौँ लामो पैदलयात्रा गर्नुहुन्थ्यो र हरेक हप्ता एकपटक प्रायः गुनमा र नजिकैको नागानो प्रान्तका पहाडहरू आरोहण गर्नुहुन्थ्यो।

अकुजावाको पर्वतप्रेम युवावस्थामै सुरु भएको हो । टोकियोबाट करिब दुई सय ४१ किलोमिटर उत्तरपश्चिममा रहेको मायबासीस्थित घरमा, आफन्त र पर्वतचित्रहरूले घेरिएको बैठक कोठामा बस्दै उहाँले ८८ वर्षअघि आफूलाई पर्वततर्फ आकर्षित गरेको अनुभव सम्झिनुभयो। शिखरमा पुग्ने जादु निर्विवाद भए पनि, उहाँलाई बारम्बार फर्काइराख्ने शक्ति भने मानिसहरूसँगको सम्पर्क नै थियो।

"म आरोहण गर्छु किनभने मलाई यो मन पर्छ", उहाँले भन्नुभयो, "पर्वतमा साथी बनाउन सजिलो हुन्छ।"अकुजावा सक्षम विद्यार्थी हुनुहुन्थ्यो। उहाँले इन्जिन डिजाइन इन्जिनियरको रूपमा काम गर्नुभयो र पछि ८५ वर्षसम्म पशुधन कृत्रिम गर्भाधानकर्ताका रूपमा कार्यरत रहनुभयो।

"पढाइ मन परे पनि नपरे पनि, पर्वतको आनन्द लिने तरिका उस्तै हो", उहाँले भन्नुभयो, "बुद्धिले त्यहाँ कुनै अर्थ राख्दैन। हामी सबै एउटै आधारमा हुन्छौं र सँगै अगाडि बढ्छौं।"

पहिले उहाँ एक्लै आरोहण गर्न रुचाउनुहुन्थ्यो, तर उमेर बढेसँगै अरूको सहयोगमा बढी निर्भर हुन थाल्नुभयो। हालैको कीर्तिमानी आरोहण पनि त्यही सहयोगकै कारण सम्भव भयो।

"माउन्ट फुजी कठिन पर्वत होइन, तर यसपटक अघिल्ला सबै आरोहणभन्दा धेरै चुनौतीपूर्ण लाग्यो", उहाँले भन्नुभयो, "मलाई पीडा थिएन, तर किन ढिलो हुँदैछु, किन सहनशक्ति छैन भन्ने सोचिरहेँ। धेरैअघि नै शारीरिक सीमा पार गरेको छु। अरूको शक्ति र सहयोगकै कारण मात्र सफल भएँ।"

**अन्तिम आरोहणको सङ्केत**

फेरि माउन्ट फुजी आरोहण गर्ने योजनाबारे प्रश्न गर्दा उहाँले भन्नुभयो, "म सदाका लागि चढिरहन चाहन्छु, तर अब सम्भव नहोला । अहिले म नजिकैको अकागी पर्वत (एक हजार आठ सय २८ मिटर) को स्तरमै छु।"

यी दिनहरूमा अकुजावा बिहानै वरिष्ठ हेरचाह केन्द्रमा स्वयंसेवा गर्नुहुन्छ र आफ्नो स्टुडियोमा चित्रकला सिकाउनुहुन्छ। उहाँका अनुसार पर्वतारोहण र चित्रकलामा समान समर्पण र समय चाहिन्छ, दुवैले शान्ति दिन्छन् ।"पर्वत चढ्ने वा चित्र बनाउने जो-कोहीले त्यसबाट केही सम्पूर्ण सिर्जना गर्न सके, त्यो नै जीवनको सबैभन्दा ठूलो उपलब्धि हो", उहाँले भन्नुभयो।

उहाँका छोरीहरूले बैठक कोठाको पर्खाल भरिएका पर्वतचित्रमा सूर्योदयमा फुजी पर्वतको अर्को चित्र थप्न आग्रह गरेका छन् ।"धेरै अनुरोधहरू आइसकेका छन्", उहाँले हाँस्दै भन्नुभयो, "म शिखरबाट देखिएका ती दृश्यहरू चित्रित गर्न चाहन्छु, जसले मेरा लागि विशेष सम्झना बोकेका छन्।

# अमेरिकी करबीच भारतीय सौर्य उद्योगलाई चीनसँग प्रतिस्पर्धा गर्ने शक्ति प्राप्त

एपी

जयपुर ।रङ्गीन बजार र ऐतिहासिक दरबारका लागि प्रसिद्ध जयपुरको छेउमा रहेको एक औद्योगिक परिसर अहिले भारतको सौर्य उद्योगलाई चीनसँग प्रतिस्पर्धामा अघि बढाउने केन्द्र बनेको छ ।विश्वकै सबैभन्दा धेरै जनसङ्ख्या भएको भारतले आफ्नो बढ्दो घरेलु ऊर्जा माग पूरा गर्न र चीनसँग बजार हिस्सामा जुध्न सौर्य प्रविधिमा ठूलो लगानी गरिरहेको छ।

कर छुट प्राप्त विशेष क्षेत्रमा रिन्यु कम्पनीको कारखानाले वार्षिक चार गिगावाट बिजुली उत्पादन गर्न सक्ने मोड्युल उत्पादन गर्छ । यो करिब २५ लाख घरधुरीलाई आवश्यक ऊर्जासँग बराबर छ। दुई वर्षमै एक हजार जनालाई रोजगारी दिने यो उद्योग भारतको तीव्र सौर्य वृद्धिको प्रतीक बनेको छ। गत आर्थिक वर्षमै भारतको सौर्य कम्पोनेन्ट उत्पादन क्षमता दोब्बरभन्दा बढी बढेको थियो।

"स्वच्छ ऊर्जामा प्रत्यक्ष योगदान दिन पाउनु खुसीको कुरा हो", रिन्युकी इन्जिनियर मोनिशाले भन्नुभयो।

तर भारतलाई अझै चीनसँग जुध्न कठिनाइ छ । चीनले विश्वकै ८० प्रतिशतभन्दा बढी सौर्य कम्पोनेन्ट उत्पादन गर्छ र भारतका धेरै निर्माताहरू त्यसकै आपूर्तिमा निर्भर छन् । यता, प्रमुख बजार अमेरिकाले राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णयअनुसार भारतीय सामानमा ५० प्रतिशत कर लगाएको छ।

यद्यपि भारतको घरेलु मागले यो दबाब कम गर्ने विश्लेषकहरूको भनाइ छ। हालै अमेरिकामा भारतले उत्पादन गरेको प्यानलमध्ये करिब एक तिहाइ बेचिएको थियो । त्यस आम्दानीले भारतीय कम्पनीहरूलाई आपूर्ति शृङ्खला अद्यावधिक गर्न मद्दत गरेको छ।

"भारतजस्तो ठूलो बजारले आफ्नै मोड्युल अवशोषित गर्न सक्छ, हामी निर्यातमा मात्र निर्भर रहनु पर्दैन", ऊर्जा विश्लेषक चरिथ कोन्डाले भन्नुभयो ।हैदराबादको भेगा सोलार जस्तै कम्पनीहरूले पनि कोभिड-१९ पछि निर्यातभन्दा घरेलु बजारमा ध्यान दिन थालेका छन् । "पहिले ९० प्रतिशत निर्यात हुन्थ्यो, अहिले ९० प्रतिशत बिक्री भारतमै हुन्छ", कम्पनी निर्देशक विनय किसाराले भन्नुभयो।

भारतले स्वच्छ ऊर्जामा महत्त्वाकांक्षी लक्ष्य राखेको छ। सन् २०३० सम्म पाँच सय गिगावाट नवीकरणीय ऊर्जा पुर्‍याउने योजनाअनुसार अहिले एक सय ७० गिगावाट बराबरका परियोजना पाइपलाइनमा छन्। सरकारी प्रोत्साहन, आयातमा प्रतिबन्ध र अनिवार्य घरेलु खरिद नीतिले उद्योगलाई गति दिएको रिन्युका अध्यक्ष सञ्जय वर्गीसले बताउनुभयो।

# शिक्षण र बुटिक पेसापछि ‘ड्रागनफ्रुट’मा आकर्षित गौली

दमौली । तनहुँको व्यास नगरपालिका-२ दमौली निवासी कल्पना गौलीले व्यावसायिक रूपमा सिउँडीफल (ड्रागनफ्रुट) खेती गर्नुभएको छ । उहाँले व्यास नगरपालिका-५ ढोडेनीमा सिउँडीफलको खेती गर्नुभएको हो ।

सोह्र वर्ष शिक्षण र १५ वर्ष बुटिक पेसा गरेपछि गौली विगत तीन वर्षदेखि कृषितर्फ आकर्षित हुनुभएको हो । माँ अम्बे अलौकिक कृषि फार्म गर्दा गरी उहाँले व्यावसायिक रूपमा ड्रागनफ्रुटखेती गर्नुभएको हो । नौ रोपनी जग्गा २० वर्षका लागि भाडामा लिएर यसको खेती गरिरहेको उहाँले बताउनुभयो । बेर्ना खरिद, बगान तयारदेखि



अन्य संरचना निर्माणमा रु एक करोड ५० लाख खर्च भएको उहाँको भनाइ छ ।

नौ रोपनीमध्ये सात रोपनी जग्गामा सिउँडीफलको खेती गरिएको छ । बाँकी जग्गामा आवश्यक संरचना निर्माण गरिएको गौलीको भनाइ छ । गत वर्ष फार्मबाट उत्पादित सिउँडीफल, गिठ्ठा, सिस्नो, पिँडालु, मस्यौरा र मौसमी तरकारीको बिक्रीबाट रु २० लाख आम्दानी भएको थियो । यसपटक चौथो छिमलको ड्रागन बजारमा पुर्याउँदा रु आठ लाख ५० हजार आम्दानी भइसकेको उहाँले उल्लेख गर्नुभयो । ड्रागन बिक्रीका लागि बजारको समस्या नभएको गौलीको अनुभव छ ।

उहाँले भन्नुभयो, “यहाँ उत्पादित सिउँडीफल दमौली बजारमा गाडीमा राखेर बिक्री गर्ने गरेको छु । त्यस्तै प्रत्येक शुक्रबार आँबुखैरेनीमा लाग्ने हाटबजारमा पनि यसको माग उच्च छ, बजार समस्या छैन ।” आँबुखैरेनीको हाटबजारमा तीन सय किलोसम्म सिउँडीफल बिक्री हुने गरेको छ ।

दमौली बजारका व्यापारीहरूले पनि स्थानीयस्तरमै उत्पादित सिउँडीफल बिक्री गर्नुपर्छ भन्ने भावना विकास गरिसकेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “बाहिरी जिल्लाबाट आएकाभन्दा स्थानीयस्तरमै उत्पादितलाई प्रोत्साहन गर्नुपर्छ भनेर व्यापारीहरूले भन्नुहुन्छ । यसले पनि मलाई यसतर्फ प्रोत्साहित गरेको छ ।”

ऋषिङ गाउँपालिका-१ भ्रापुटारमा रहेको माइतीको जग्गामा खेती गर्ने सोच बनाए पनि पानीको समस्याले ढोडेनीमा जग्गा भाडामा लिएर खेती गरेको उहाँको भनाइ छ । उहाँले भारतबाट बेर्ना मगाएर सात रोपनी जग्गामा गाडेको पाँच सय २५ पोलमा ड्रागन लगाउनुभएको छ । यहाँ गोदाम, एसीसहितको कोल्डरुम, गार्डहाउस र बगान अवलोकनका लागि भ्यूटावर निर्माण गरिएको छ ।

सिउँडफलमा रासायनिक मल प्रयोग गरिएको छैन । यसका लागि जैविक मल प्रयोग गर्ने गरिएको गौलीको भनाइ छ ।रासस

# जलवायु सङ्कटमा मुस्ताङ

मुस्ताङ । विश्वमै जलवायु परिवर्तन असर एक चिन्ताको विषय बनिरहँदा नेपालका हिमाली जिल्लाहरु यसको प्रत्यक्ष/परोक्ष मारमा पर्दै आइरहेका छन् । हिमाली जिल्लाहरुमा मौसमी तापमान दर बर्सेनि वृद्धि भइरहेको छ । जलवायुको असर हिमाली जिल्लाहरुमा देखिँदै गर्दा मुस्ताङमा जलवायु परिवर्तनको असरका कारण यहाँको वातावरणीय सन्तुलन तथा पारिस्थितिक प्रणालीमा नराम्ररी प्रभावित तुल्याएको छ ।

दश वर्षअघिसम्म यहाँ हिउँदयामको अनुकूल समयमा हिउँ पर्थ्यो । हिउँले यहाँ तल्लो मुस्ताङदेखि उपल्लो मुस्ताङका डाँडाकाँडा र बस्ती सबै हिउँले पूरै सेताम्मे हुन्थे । यहाँ हिउँद यामको पुस र माघ महिनामा तल्लो मुस्ताङमा दुई फिट र उपल्लो मुस्ताङमा पाँच फिटसम्म हिउँ परेको थियो । २०७५ सालमा हिउँदयाममा अत्यधिक हिउँ पर्दा उपल्लो मुस्ताङमा सयौँ याक चौँरी, भेडाच्याङ्राहरु खर्क र गोठमै हिउँले पुरिएर मरे । तल्लो मुस्ताङको नमखुलेंक र थासाङको विभिन्न खर्कहरुमा पनि स्थानीयका दर्जनौँ याकचौँरी हिउँमा पुरिएर मरेका थिए । त्यतिबेला हिमपातले क्षति पुगेका पशुपालक किसानलाई सम्बन्धित स्थानमै पुगेर गण्डकी प्रदेश सरकारले आंशिक राहत वितरण गरेको थियो ।

हिउँ पर्दा पनि सास्ती, हिउँ नपर्दा पनि सास्ती यहाँका बासिन्दाले भोग्नु परेको एक ज्वलन्त समस्या र चुनौती हो । हिउँदयाममा उपल्लो मुस्ताङका बासिन्दा हिउँ र अत्यधिक चिसो छल्न तल झर्ने सदियौँ वर्षदेखिको प्रचलन हो । अत्यधिक चिसो र हिमपातको असरले उपल्लो मुस्ताङका बासिन्दाको जनजीवन निकै कष्टपूर्ण हुन्थ्यो । चिसो र हिउँका कारण घरका सेफ्टी ट्याङ्की, धारा र सिँचाइ कुलो जमेर बरफ बन्थ्यो । उपल्लो मुस्ताङमा कात्तिक महिनादेखि फागुनको अन्तसम्म चरणबद्ध रुपमा हिउँ पर्ने गरेको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नर्बु गुरुङ बताउनुहुन्छ ।

यहाँ जलवायु परिवर्तनका कारण कुनै वर्ष भारी हिमपात हुने, कुनै वर्ष आंशिक हिमपात हुने र कुनै वर्ष हिमपात हुन सकेको छैन । पृथ्वीको तापमान वृद्धिसँगै मुस्ताङका शाखा नदीहरुमा विपद् जोखिमको उच्च सम्भावना बढेको छ । यहाँका शाखा नदीका मुहानहरुमा हिउँ पग्लिएर वा हिउँका ढिस्का खसेर ठूलो लेदो र गेग्र्यानसहित बाढी आउने गरेका कारण कागबेनीमा ठूलो बाढी आयो । बाढीले कोरला सडकको निर्माणाधीन पक्की पुलसहित कागबेनीका आधा दर्जन बढी घरहरुमा ठूलो क्षति पुग्यो । बाढीले कागबेनी श्राद्धस्थल, स्याउबारीमा क्षति र पशु चौपाया बगाउँदा करोडौँको नोक्सानी पुऱ्यायो ।



थासाङ क्षेत्रमा पटकपटक हिउँपहिरो जाने क्रम रोकिएको छैन । हिउँपहिरो जाने क्रमले त्यस क्षेत्रको चरन क्षेत्र तथा थासाङ क्षेत्रका केही बस्ती हिउँ पहिरोको उच्च जोखिममा छन् । दुई वर्षअघि मार्फास्थित बागवानी केन्द्र नजिकैको सानो खोलामा भेल बाढी आउँदा फार्मका खेतीयोग्य स्याउ बारीमा लेदो र गेग्र्यान पसेर क्षति पुऱ्याएको थियो ।

यसै वर्ष साउनको पहिलो र तेस्रो साता थासाङको लाङ्की खोलामा हिउँ पग्लिएर ठूलो भेल बाढी आयो । बाढीले मानवीय तथा भौतिक क्षति नपुऱ्याए पनि त्यहाँका लार्जुङ बस्तीलाई त्रासदी उत्पन्न गरायो । त्यहाँ गाउँपालिका र प्रशासनको समन्वयमा खोलामा डोजर लगाएर खोलाको धारलाई नियन्त्रणमा ल्याइयो । गत असारमा उपल्लो मुस्ताङको लोमान्थाङ–४ समजुङ माथिको लेकबाट अकस्मात छुआमा खोलामा भेल बाढी आयो । त्यहाँ बाढीले सडक मोटर बाटो, पुल र सिँचाइ कुलोलगायतमा क्षति पुऱ्यायो । त्यहाँका बाढीले मुस्ताङस्थित कालीगण्डकी नदीको तटीय बस्ती र म्याग्दीको कालीगण्डकी तटीय क्षेत्रका बस्तीलाई समेत बाढीले त्रासदी उत्पन्न गरायो । यसै वर्ष घरपझोङ गाउँपालिका–५ स्थित ढुम्बा खोलामा बाढी आउँदा जङ्गलमा च्याउ टिप्न जाँदै गरेका एक युवालाई बाढीले बगायो भने बाढीले झन्डै २०० स्याउका बोटमा क्षति पुऱ्यायो ।

यति मात्रै होइन, बाढीले जोमसोम–कोरला सडकमार्ग समेत बाढीपहिरोले पटकपटक सडक अवरुद्ध भयो । हिमाल पग्लिएर हिउँका ढिस्कासहितको भेल बाढी आउँदा यहाँ कालीगण्डकी नदीभन्दा बेसी यहाँको शाखा नदीको विपद् जोखिम बढेको घरपझोङ–५ का कृषक कर्मा गुरुङले बताउनुभयो । जलवायु परिवर्तनका कारण अनुकूल समयमा हिउँ नपर्नु र पृथ्वीको तापमान वृद्धि हुँदै गर्दा यहाँका नीलगिरि, धौलागिरिलगायतका हिमालहरुको सौन्दर्यता घट्दै जान थालेको छ । यहाँका हिमालमा हिउँ पग्लिँदै गर्दा हिमालहरु बर्सेनि कालापत्थरमा परिणत हुँदै जान थालेका छन् ।

यसैगरी, जलवायु सङ्कटका कारण यहाँको कृषि, पर्यटन, जैविक विविधता, धर्म, संस्कृति र वातावरणीय क्षेत्रमा प्रतिकूल असर पर्दै जान थालेका छन् । जिल्ला भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र प्रमुख डा लालमणि अर्यालका अनुसार जलवायु सङ्कटका कारण यहाँका परम्परागत पशुपालन व्यवसाय सङ्कटमा पर्दै जान थालेको उल्लेख गर्नुभयो । अनुकूल समयमा हिउँ नपर्ने र बेमौसममा वर्षा हुने गर्दा यहाँको चरन क्षेत्र खुम्चिँदै जान थालेको उहाँको भनाइ छ । हिउँ नपर्दा उच्च लेकमा घाँस पलाउन छाडेको र बेमौसमे वर्षाले चरन क्षेत्रमा अनधिकृत घाँस पलाउन थालेकाले पशु आहार व्यवस्थापनमा समस्या थपिएको छ ।

वारागुङ–४ तिरीका पशुपालक किसान आङ्ग्या गुरुङले यहाँ चरन क्षेत्रको समस्या पर्दा गाउँमा कुनै पनि घरधुरीले २०० भन्दा बढी च्याङ्ग्रापालन गर्न नपाइने नियम कार्यान्वयनमा आएको बताउनुभयो । “गाउँमा सबैका धेरै थोरै च्याङ्ग्रा छन् तर चरन क्षेत्र खुम्चिँदैछ,” उहाँले भन्नुभयो, “घाँसको अभाव हुने भएकै कारण च्याङ्ग्रापालन समितिबाटै यस्तो निर्णय भएको हो, धेरै च्याङ्ग्रा पाल्छु भन्नेलाई यहाँ समस्या देखिएको छ ।”

जलवायुकै कारण यहाँको कृषि क्षेत्रमा समेत निकै ठूलो समस्या र चुनौती थपिँदै जान थालेको कृषकहरु बताउँछन् । जमिनको तापमान बर्सेनि वृद्धि हुँदै जाँदा यहाँ उत्पादन हुने शीतोष्ण फलफूल तथा तरकारी उत्पादनले विस्तारै बसाइँ सर्दै जान थालेको छ । यहाँ बढ्दो तापमान वृद्धिका कारण स्याउलगायतका अन्नबालीहरुमा विभिन्न रोगकिराहरुको सङ्क्रमण बढ्दै जान थालेको कृषि ज्ञान केन्द्र कार्यालयका प्रमुख राजेश गुरुङ बताउनुहुन्छ । तापमान वृद्धिले स्याउखेतीमा यसको प्रत्यक्ष असर देखिन थालेको उहाँको भनाइ छ । यहाँ जलवायुका कारण बेमौसमे वर्षा हुने र अनुकूल समयमा हिउँ नपर्दा स्याउलगायतका अन्नबालीहरुमा रोगको प्रकोप चुलिँदै जान थालेको उहाँको भनाइ छ ।

जलवायु परिवर्तनका कारण शीतोष्ण फलफूल तथा बालीहरु विस्तारै बसाइँ सर्ने क्रममा रहेकाले शीतोष्ण बागवानी विकास केन्द्रले उपल्लो मुस्ताङको घमीमा ‘स्याटलाइट’ कृषि फार्म स्थापना गर्ने तयारी अन्तिम चरणमा पुऱ्याएको केन्द्र प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो । जलवायुका कारण यहाँको तल्लो भेगमा समशीतोष्ण तथा उपल्लो मुस्ताङमा शीतोष्ण फलफूल तथा तरकारीहरु उत्पादन तथा बिक्री वितरण गर्ने गरी फार्म स्थापनाको तयारी भइरहेको उहाँको भनाइ छ ।

यसैगरी, जलवायु सङ्कटका कारण हिमाली जिल्लामा संस्कृति र मौलिक परम्परामा समेत असर पुऱ्याउँदै जान थालेको छ । यहाँका सदियौँ वर्ष पुरानो ढुङ्गा र माटोले निर्मित एकापसमा जोडिएका परम्परागत घरहरु विस्तारै लोप हुने अवस्थामा छन् । ढुङ्गा र माटोले बनेका घरहरु, त्यसका छतमाथि लस्करै दाउरा पाँजेर राख्ने प्रचलन यहाँको सांस्कृतिक धरोहरका रुपमा लिने गरिन्छ ।

पानी नै नपर्ने जिल्ला भनेर चिनिने मुस्ताङमा पछिल्लो समय बेमौसमे वर्षा हुने गर्दा पुरानो घरहरु कमजोर बन्दै जान थालेको जोमसोमका स्थानीयवासी अजित थकाली बताउनुहुन्छ । पछिल्लो समय जलवायु सङ्कटका कारण ढुङ्गा र माटोका घरहरु जोखिम देखिएको र सडक यातायातको सहजतासँगै यहाँ पुराना घरहरु विस्थापित हुँदै आधुनिक घर र बङ्गलाहरु निर्माण हुने क्रम बढेको थकालीले उल्लेख गर्नुभयो । यसले यहाँको पुरानो मौलिक संस्कृतिमा असर पुऱ्याउँदै जान थालेकाले पर्यटन प्रवर्द्धन र विकासमा समेत क्षति तुल्याउने देखिएको उहाँको भनाइ छ ।

यसैगरी, जलवायु सङ्कटका कारण वातावरणीय क्षेत्रमा प्रतिकूल असर पुऱ्याउँदै जान थालेपछि यहाँको जैविक विविधतामा समेत असर पुगेको देखिन्छ । यसका कारण हिमाली क्षेत्रको जैविक विविधतामा असर पुगेपछि यहाँको वन्यजन्तुहरु लोपोन्मुख हुन थालेका छन् । हिउँचितुवाको आहारा नाउर चरन क्षेत्रमा पर्याप्त घाँस नहुँदा बस्ती नजिक आउने गरेको र त्यसलाई पछ्याउँदै हिउँचितुवा बस्ती नजिक आउने गरेको वारागुङ मुक्तिक्षेत्रका अध्यक्ष रिनजिन नामगेल गुरुङले बताउनुभयो । उहाँले यसका कारण हिउँचितुवा र मानवबीचको द्वन्द्व बढ्दै गएकाले यहाँका पशुपालन व्यवसायमा चुनौती थपिएको उहाँको भनाइ छ । पछिल्लो समय यहाँ हिमालको काखमा बासस्थान जमाएर बस्ने हिउँचितुवा बस्ती र सडक छेउछाउमा देखिन थालेको छ ।

हिमाली क्षेत्रहरुमा जलवायुको असर बढ्दै जान थालेपछि यहाँको विभिन्न क्षेत्रमा देखिएका समस्या र चुनौतीहरुको यथोचित अनुकूलनका उपाय अवलम्बन गर्न मुख्य चुनौती भइरहेको छ । जलवायु सङ्कटले भविष्यमा मुस्ताङले योभन्दा ठूला जोखिमहरु आउनसक्ने भयले स्थानीयवासी त्रसित छन् । अन्तरराष्ट्रियस्तरमा उपलब्ध हुने जलवायु क्षतिको यथोचित हिस्सा मुस्ताङले पाउनुपर्ने यहाँका बासिन्दाको माग रहेको छ ।रासस

# किसानलाई स्याउ टिप्न भ्याइनभ्याइ

जुम्ला । यहाँका सात गाउँपालिकासहित एक नगरपालिका गरी आठ स्थानीय तहका स्याउ किसानलाई यो याममा बगैँचामा स्याउ टिप्न भ्याइनभ्याइ भएको छ ।

स्याउमा परिपक्वता तथा गुलियोपन भरि एसँगै बगैँचामा स्याउ टिप्न सुरु गरिएको हो । स्याउ व्यापारी घरमै आएर खरिद गर्न थालेका छन् । पाकेका स्याउ बिक्री गर्न थालेको तातोपानी गाउँपालिका-४ का स्याउ किसान प्रेमराज पाण्डेले जानकारी दिनुभयो ।

“बगैँचाको स्याउ टिपेर बिक्री गर्न थालिएको छ”, स्याउ किसान पाण्डेले भन्नुभयो, “घरमै प्रतिकिलो रु ६५ मा बिक्री सुरु गरेका छौँ, गाउँकै स्थानीय व्यापारीले सुर्खेत, नेपालगञ्ज लैजाने गरेका छन् ।” करिब १०० बढी स्याउका बिरुवा लगाएकामध्ये ५० प्रतिशत स्याउका बिरुवाले फल दिएको छ । गत वर्षभन्दा यस वर्ष स्याउ उत्पादनमा ४० प्रतिशत कम फलेको स्याउ किसान पाण्डेको भनाइ छ ।

हिमा गाउँपालिकाका स्थानीय स्याउ व्यापारी प्रकाश रोकायाका अनुसार अहिले स्याउ किसानका बगैँचामा पुगेर स्याउ खरिद गर्न थालिएको छ । पालिकाभित्रका करिब ६०० कार्टुन स्याउ खरिद गरेको बताउनुभयो ।

जिल्लामा कति प्रतिशत स्याउ उत्पादन भएको छ र कति प्रतिशत स्याउ बाहिरी जिल्लामा निर्यात भएको छ भन्ने तथ्याङ्क सङ्कलन गर्न जुम्ला र कालीकोटको सिमानमा रहेको नाग्म प्रहरी चौकीलाई तथ्याङ्क सङ्कलन गर्ने जिम्मा दिएको कृषि विकास कार्यालय जुम्लाका निमित्त प्रमुख रामभक्त अधिकारीले जानकारी दिनुभयो ।

गत वर्षभन्दा यसवर्ष स्याउ उत्पादन केही घटेको अनुमान गरिएको छ । सही तथ्याङ्क आउन केही समय लाग्ने भएको छ । यहाँका स्याउ किसानदेखि उद्यमी र समूहलाई ५० प्रतिशत अनुदानमा स्याउका बिरुवा दिने गरेको छ । गोल्डेन जातको स्याउ असोजदेखि राम्रोसँग पाक्ने हुँदा अहिले स्थानीय जातको र गोल्डेन जातको स्याउ मिलाएर व्यापारीले लिने गरेका छन् ।

विशेषगरी सडक सञ्जालसँग जोडिएका बगैँचाकाका स्याउ सङ्कलन गरेर व्यापारीले



तराईका जिल्लामा बिक्री गर्न लगिसकेको कृषि विकास कार्यालयका निमित्त प्रमुख अधिकारीको भनाइ छ ।

जुम्लामा चार हजार १२० हेक्टर क्षेत्रफलमा स्याउखेती हुँदा दुई हजार ९०० हेक्टर क्षेत्रफलमा करिब यसवर्ष १६ हजार मेट्रिकटन स्याउ उत्पादन हुने अनुमान गरिएको छ । स्याउ निर्यातबाट जिल्लामा झण्डै रु ४५ करोड बढी आम्दानी हुन आँकलन छ । जुम्लाको आर्थिक समृद्धिसँग जोडिएको स्याउखेतीको विस्तार र उत्पादन वृद्धिले पछिल्लो समय जुम्ली किसानको दिनचर्या फेरिन थालेको कृषि विकास कार्यालयका निमित्त प्रमुख अधिकारीको भनाइ छ ।

स्याउको बजार प्रवर्द्धनका लागि यहाँका कृषि समूह, सहकारीलाई १२ हजार ‘जुम्ला एप्पल’ लेखेको कार्टुन ५० प्रतिशत अनुदानमा वितरण गरेको कृषि विकास कार्यालयले जनाएको छ । जिल्लामा स्थानीय जातको जुम्ली स्याउ, इटाली, गाला, गोल्डेन, फुजी र जोनाप्रिन्स जातका स्याउको खेती हुँदै आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइका सूचना अधिकारी पदमराज कार्कीको भनाइ छ । यहाँका करिब १८ हजार घरधुरी स्याउखेतीमा निर्भर रहेको परियोजनाले जनाएको छ ।

## तरकारीखेतीबाट स्वरोजगार बन्दै जुम्लाका महिला

पछिल्लो समयमा तरकारीखेतीबाट यहाँका महिला स्वरोजगार बन्दै गएका छन् । यहाँको तिला गाउँपालिका-८ स्थित जुम्लाकोट गाउँका महिला तरकारीखेतीबाट मनग्य आम्दानी गर्दै आएका छन् ।

केही वर्ष अगाडि तरकारीखेतीमा कुनै रुचि नराखेका यहाँका महिला अहिले विभिन्न प्रकारका सीपमूलक तालिमदेखि तरकारीखेती लगाउने प्रविधिकको ज्ञान प्राप्त भएपछि यहाँका महिला तरकारीखेतीतर्फ आकर्षित भएको स्थानीयवासी शोभा बस्नेतको भनाइ छ ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक) नेपाल जुम्लाले सञ्चालन गरेको पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना लागू भएदेखि गाउँका महिलाको आयआर्जनमा सुधार ल्याएको छ ।

स्थानीयवासी बस्नेतले भन्नुभयो, “गाउँमै जलवायु मैत्री कृषक पाठशाला स्थापना गरी तरकारीखेती गरेर गाउँकै महिला आत्मनिर्भर बनेका छन्, कृषक समूहमार्फत मौसमी तथा बेमौसमी तरकारीखेती गरेर गत आवमा रु एक लाख आम्दानी लिएका थियौँ ।”

तरकारीखेतीबाट स्वरोजगार बन्नुका साथै आम्दानी लिन सफल भएको उहाँले बताउनुभयो । यसले आर्थिक समस्या टार्न सहयोग मिलेको उहाँ बताउनुहुन्छ । अहिले विशेषगरी उत्पादन गरेको गोलभेँडा पालिकाको रारासेरी बजार, नाग्म र सदरमुकाम खलङ्गा बजारसम्म पुग्ने गरेको छ । अहिले गाउँमै गोलभेँडा प्रतिकिलो रु ४० मा बिक्री हुने गरेको छ । खनजोतलगायतमा प्रयोग हुने हाते ट्र्याक्टर परियोजनाबाट पाएपछि काम गर्न सहज भएको उक्त गाउँका स्थानीय लक्ष्मी रावतको भनाइ छ ।

जलवायु मैत्री कृषि प्रविधिबाट गड्यौल मल, गर्मी बास, छापो विधि, झोल मल, प्लास्टिक हाउस, पानी पोखरी, कम्पोष्ट मल र बायोचारको प्रयोग गरेर तरकारीखेतीबारे परियोजनाले यहाँका कृषि समूहलाई तालिमदेखि प्रविधिक सिपमुलक तालिम दिएको किर्डाक जुम्लाका मल्यांकन तथा अनुगमन अधिकृत ललित डाँगीले बताउनुभयो ।

तरकारीखेतीलाई प्राथमिकता दिएका गाउँका कृषकलाई यातायातको राम्रो सुविधा नहुँदा समस्या भएको छ । उत्पादित तरकारी बजारसम्म ढुवानी गर्न समस्या भएको यहाँका स्थानीय बताउँछन् ।रासस

# मौरीपालन व्यवसायमा ६० वर्षीय दीपकुमार



घोराही । उमेरले ६० वर्ष पुग्नुभएका दीपकुमार मगरको मुख्य पेसा मौरीपालन हो । विगत दुई दशकभन्दा बढीदेखि उहाँको दैनिकी मौरीको हेरचाहमै बित्ने गरेको छ । त्यसबाट आम्दानी पनि राम्रो हुँदै गएको उहाँ बताउनुहुन्छ । जिल्लाको घोराही उपमहानगरपालिका-१३ तुरुन्तपुर निवासी मगर विगत २५ वर्षदेखि यही व्यवसायमै हुनुहुन्छ ।

मौरीले राम्रै आम्दानी दिँदै आएकाले मौरीपालन व्यवसायमा उत्साह बढ्दै गएको मगरले बताउनुभयो । “मैले व्यावसायिक रुपमा मौरीपालन गर्न थालेको २५ वर्ष भयो”, उहाँले भन्नुभयो, “लामो समय भइसक्यो मौरीपालन गर्न थालेको आम्दानी पनि राम्रो भइरहको छ, यसमा घर परिवारको पनि सहयोग रहेको छ ।”

उहाँले मौरीपालन पूर्वाधार सामग्री उत्पादनमार्फत पनि व्यवसायका लागि आवश्यक सामग्री उत्पादन गरि छिमेकी जिल्ला रोल्पा, सल्यान, प्यूठानलगायत जिल्लामा आधुनिक प्रकारका सामग्री पठाउने गर्नुहुन्छ । मौरीपालन गर्दै आउनुभएका किसान मगर आजभोलि पनि पूर्वाधार सामग्री उत्पादनमै व्यस्त हुनुहुन्छ । विभिन्न ठाउँबाट माग आइरहेकाले पनि उत्पादन गर्दै आएको उहाँ बताउनुहुन्छ ।

मगरको मौरी फार्ममा २०० घार क्षमताको भए पनि हाल भने १०० मौरीसहितका घार छन् । उहाँले वर्षमा ३५ क्विन्टल मह उत्पादन हुँदै आएको बताउनुभयो । “परिवारको सहयोग छ, आफैँ सुरुआतमा रोल्पा हुँदा मौरीपालन तालिम लिएपछि व्यावसायिक मौरीपालनमा लागेको हुँ, अहिले उत्पादन भएको मह केही बिक्रीका लागि जिल्लाका बजार र अन्यत्र जान्छ, धेरैजसोले घरमै आएर पनि लैजान्छन्”, किसान मगरले भन्नुभयो, “मौरीपालनमा चोखो आम्दानी छ, त्यसैले विगत लामो समयदेखि यसैलाई निरन्तरता दिँदै आएको छु ।”

अहिले उहाँको फार्ममा युरोपिय, इटालिएन, मेरीफेरा, सेरेना जातका मौरीका घार छन् । परिश्रम र मेहनत गर्ने हो भने गाउँमै बसेर पनि राम्रो आम्दानी गर्न सकिने उहाँको भनाइ छ । मौरीपालन व्यवसायबाट उहाँ वार्षिक रु १२ लाख आम्दानी गर्न सफल हुनुभएको छ ।

दुई/तीन वर्ष वैदेशिक रोजगार रहँदासमेत मगरले विदेशमा पनि मौरीपालन गरेको देख्दा आफूले पनि यहाँ यही व्यवसाय थालेको बताउनुभयो । उहाँ २०५७ सालदेखि सुरु गर्दा जिल्लामा व्यावसायिक रुपमा मौरीपालन गर्ने किसानको सङ्ख्या जम्मा १७ जना रहेको स्मरण गर्नुहुन्छ ।

वर्षाको समय र अत्यधिक चिसो हुने समयमा ख्याल गर्ने हो भने मौरीपालनबाट राम्रो प्रतिफल लिन सकिने भन्दै उहाँले मह उत्पादन र घार वृद्धि पनि सँगसँगै बढाउँदै लगेको बताउनुभयो । मौरीपालन व्यवसाय व्यावसायिक रुपमा सुरु गरेदेखि हालसम्म आम्दानीका लागि अन्य कुनै पनि स्रोत खोज्न नपरेको उहाँको अनुभव छ ।रासस

# ईशनाथ नगरपालिकालाई महालेखापरीक्षकको प्रशंसा-पत्र



दिलिप पाण्डे

रौतहट । आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षणमा न्यूनतम बेरुजु देखिएको र कायम बेरुजु फछ्र्यौट गर्ने काममा उल्लेखनीय प्रगति गरेको कारण ईशनाथ नगरपालिका मुलुकका उत्कृष्ट स्थानीय तहमा पर्न सफल भएको छ। यस उपलब्धिका लागि महालेखापरीक्षकको कार्यालय, अनामनगर काठमाण्डुबाट प्रशंसा-पत्र प्राप्त गरेको छ।

महालेखापरीक्षकको कार्यालयका अनुसार, ईशनाथ नगरपालिकाको लेखापरीक्षणमा कायम कुल बेरुजु रु. ७६ लाख ३८ हजार ३०७ (०.६१ प्रतिशत) मात्र देखिएको छ । साथै, ७ करोड ६६ लाख २० हजार ८५ रुपैयाँ बराबरको बेरुजु फछ्र्यौट गरी अद्यावधिक बेरुजुमा समेत कमी ल्याउन सफल भएको छ। यस आधारमा नगरपालिकालाई आर्थिक अनुशासन, वित्तीय उत्तरदायित्व र पारदर्शितामा उदाहरणीय ठहर गरिएको छ।

यस उपलब्धिलाई औपचारिकता दिने उद्देश्यले असार १५ गते काठमाडौंमा आयोजित कार्यक्रममा महालेखापरीक्षक तोयम राय, उपमहालेखापरीक्षक पद्मराज पौडेल र नायब महालेखापरीक्षक इन्द्रप्रसाद आचार्यले प्रशंसा-पत्र हस्तान्तरण गरेका थिए। उनीहरूले ईशनाथ नगरपालिकाको प्रगतिप्रति उच्च मूल्यांकन गर्दै यसले अन्य स्थानीय तहका लागि पनि मार्गदर्शन गर्ने विश्वास व्यक्त गरे।

रौतहट जिल्लामा पहिलो पटक “बेरुजु कम गर्ने नगरपालिका” बन्ने ऐतिहासिक सफलता पाएपछि नगरपालिकामा खुशीको वातावरण छ । नगर प्रमुख कौशल्या देवी सिन्हा, प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ता र लेखा अधिकृत मनोज ठाकुरलाई विशेष धन्यवाद दिँदै महालेखापरीक्षक कार्यालयले उनीहरूको नेतृत्व र कार्यक्षमताले नै यो उपलब्धि सम्भव भएको उल्लेख गरेको छ।

कार्यक्रममा सहभागी नगरपालिकाका कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवालाहरूले यस उपलब्धिलाई ऐतिहासिक मान्दै आगामी दिनमा अझ पारदर्शी र जिम्मेवार प्रशासनिक प्रणाली बनाउन निरन्तर प्रयास गर्ने प्रतिबद्धता जनाए।

त्यस्तै कार्यक्रममा स्वास्थ्य संयोजक रवीन्द्र झा लगायत अन्य कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो। उनीहरूले यो उपलब्धि सम्पूर्ण नगरवासीको गर्वको विषय भएको उल्लेख गर्दै भविष्यमा अझ उदाहरणीय कार्य गर्न प्रेरणा मिलेको बताएका छन्।

महालेखापरीक्षक कार्यालयले प्रशंसा-पत्रमार्फत ईशनाथ नगरपालिकाले आर्थिक अनुशासन, वित्तीय पारदर्शिता र जवाफदेहितामा देखाएको प्रतिबद्धता आगामी दिनमा पनि कायम रहनेमा विश्वास व्यक्त गरेको छ।

# मोहम्मद जन्मोत्सव मनाइयो




टुडे समाचारदाता

मलंगवा । इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मदको जन्मोत्सव जनकपुरधामसहित देशव्यापी रुपमा मुस्लिम समुदायले विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ। 'मोहम्मद डे' को अवसरमा मुस्लिम समुदायले र्‍याली निकाल्ने, मस्जिदहरुमा कुरान पाठ गर्ने, हजरत मोहम्मदको उपदेश स्मरण गर्ने, सामूहिक भोज खाने र एकअर्कामा शुभकामना साटासाट गरेर मोहम्मदको जन्मोत्सव मनाइएको छ।

मलंगवामा पनि शुक्रबार इस्लामिक पोशाकबाट सजिएर तुलब्यानर सहित मुस्लिम समुदायका डाक्टर, इञ्जिनियर, कर्मचारी, राजनीतिककर्मी, जनप्रतिनिधि, व्यापारी, मजदुर, किसान, महिला, पुरुष, बालबालिका, विद्यार्थीलगायत हजारौँको संख्यामा धार्मिक धुन बजाउँदै जुलुस नगरपरिक्रमा गरेका थिए।

मोहम्मद डेलाई इद मिलादुननबी र १२ रबिउल अब्बल पनि भन्ने गरिन्छ । आमरुपमा नेपाली मुस्लिम समुदायले मोहम्मद जयन्ती भनेर मनाउने गरेको छ। सउदी अरबको मक्का शहरमा बनु हाशिम खानदानमा हजरत अब्दुल मुत्तलिबको घरमा बुवा हजरत अब्दुल्लाह र आमा हजरत अमिना रदिउल्लाह ताला अन्हुमाको कोखबाट २२ अप्रिल ५७१ ई.वि. मा हजरत मोहम्मद सलल्लाहु अलैहे वसल्लमको जन्म भएको हो । अरेबिक महिनाको रबिउल अब्बलको १२ तारिख सोमवारका दिन विहान सूर्य उदाउनु पूर्व हजरत मोहम्मद सलल्लाहु अलैहे वसल्लमको जन्म भएको हो । मोहम्मदको जन्म दिनलाई संसारभरमा मुस्लिम धर्मावलम्बीहरुले मोहम्मद-डे भनेर मनाउने गर्दछन् । मोहम्मद जन्मिँदा रगतले नलतपतिएको, नुहाइदिइसकेपछिको जस्तो सफा, सुगन्धयुक्त र जन्मजात खतना गरिएको अवस्थामा थिए, भनिन्छ।

# लुटिएको रकम फिर्ता पाउन न्यायका लागि गुहार



टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको पेट्रोल पम्पबाट१२लाख७५ हजार लुटिएको र कुटपिट हुँदा पनि प्रहरीले जाहेरी नलिएको भन्दै पीडित विवेक शाहले न्यायका लागि गुहार लगाएका छन्।

धनुषाको गणेशमान चारनाथ नगरपालिकामा धनुषा आयल स्टोर्स नामक पेट्रोल पम्प चलाएका विवेक शाहले आफूमाथि कुटपिट र १२ लाखभन्दा बढि रकम लुटिँदा पनि प्रहरीले दोषीहरुमाथि कारबाही नगरेको र जाहेरीसमेत नलिएको गुनासो पोखेका छन्।

शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उनले आफू ठूलो अन्यायमा परेको भन्दै न्याय दिलाईदिन हारगुहार गरेका छन्।

उनले आफूसँग असुली गर्न आएकाले कुटपिट गरेको बताए। घटना यही भदौं ६ गते मध्यराति भएको हो । आफूलाई कुटपिट गर्ने र लुटपाट गर्ने घटनामा संलग्नहरु गणेशमान चारनाथ-१ का २८ वर्षीय अशोककुमार साह तेली, २७ वर्षीय नविन पुर्वछाने मगर, ३३ वर्षीय सन्तोष बलमपाखे मगर, ३० वर्षीय निरज मगर र अन्य एक जनाले आयल स्टोर्समा आएर पेट्रोल पम्पका कर्मचारीमाथि कुटपिट र लुटपाट भएको साहले आरोप लगाए। साहले घटनाको सबै प्रमाण आफूहरुसँग सुरक्षित रहेको भन्दै सिसिटिभी फुटेज पनि प्रहरीलाई उपलब्ध गराएको बताए।

उनले भने, 'यस घटनाको विषयमा म जिल्ला प्रहरी प्रमुख नरहरि रेग्मीसँग पुगें थिए। उहाँले जाहेरी दर्ता गरिदिन्छु भन्नुभयो । तर, आजको दिनसम्म पनि दर्ता गर्नुभएको छैन । डिआईजी उमाप्रसाद चतुर्वेदीसमक्ष गुहार गरेको छु।'

आफू न्याय माग्नको लागि एक सातादेखि काठमाण्डुमा नै रहेको पनि बताए।

# अस्पतालमा डायलासिस सेवाको तयारी

टुडे समाचारदाता

मलंगवा। सर्लाहीको ईश्वरपुर नगरपालिकाले नगर अस्पताल बयलबासमा डायलासिस सेवा सुरु गर्ने तयारी गरेको छ।

त्यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट भर्खरै आवश्यक औजार,



उपकरण र स्वास्थ्य सामग्री प्राप्त भएको नगरप्रमुख मनोजकुमार आचार्यले जानकारी दिए। उनका अनुसार यहाँका मिर्गौलाका बिरामीलाई लक्षित गरी ईश्वरपुर नगरपालिका-६ स्थित बयलबासमा रहेको नगर अस्पतालमै पहिलो पटक डायलासिस सेवा प्रदान गर्ने तयारी गरिएको छ।

अहिले पहिलो चरणमा आरो प्लान्ट, मोटर र फिल्टर जडानको काम भइरहेको नगर अस्पताल बयलबासले जनाएको छ। आरो प्लान्टको काम पूरा भएपछि डायलासिस मेसिन जडान गर्ने इन्जिनियर बोलाइने नगरपालिकाको स्वास्थ्य शाखाका संयोजक सुगेन्द्र महतोले बताए।

यस क्षेत्रका मिर्गौला पीडित अहिले डायलासिसका लागि जनकपुर, वीरगन्ज, नारायणगढलगायतका सहरमा जान बाध्य छन्। डायलासिसका लागि हैरानी र अत्यधिक खर्च बेहोर्न बाध्य स्थानीयवासीलाई आफ्नै ठाउँमा सहज ढंगले सेवा प्रवाह गर्ने उद्देश्य रहेको नगरप्रमुख आचार्यले बताए।

ईश्वरपुर नगरपालिकाले डायलासिस सेवाका लागि लामो समयदेखि पहल गर्दै आइरहेको थियो। डायलासिस सेवाकै लागि हेल्पिङ ह्यान्डले तीन करोड रुपैयाँ बराबरको स्वास्थ्य सामग्री उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको नगरप्रमुख आचार्यको भनाइ छ। डायलासिस सेवा सञ्चालनका लागि नगरपालिकाले राष्ट्रिय मिर्गौला केन्द्र वनस्थलीसँग समन्वय गरी तीन जना स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरेको र दरखास्त खुलाएर थप जनशक्तिको व्यवस्थापन गरिने स्वास्थ्य शाखा संयोजक महतोले बताए । उनका अनुसार अहिले प्राप्त दुई वटा डायलासिस मेसिनबाट सेवा प्रारम्भ गरी केही महिनाभित्रैमा नेपाल सरकारको मापदण्ड अनुसार कम्तीमा पाँच वटा डायलासिस मेसिन जडान गर्ने उद्देश्य रहेको छ।

डायलासिस सेवा सञ्चालनका लागि नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी दुई सय केभीको ट्रान्सफर्मर जडान गरिसकिएको नगर अस्पतालले जनाएको छ। डायलासिस सेवामा बिरामीको चाप हुने आकलनसहित के कसरी सेवा प्रवाह गर्ने भन्ने विषयमा तत्कालै मापदण्ड तयार पारिने नगरप्रमुख आचार्यले बताए।

# पर्साका एसपी मिश्र सम्मानित




टुडे समाचारदाता

वीरगञ्ज । पर्सा प्रहरीका प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्र मानव बेचबिखन रोकथाममा उत्कृष्ट कार्य गरेबापत नेपाल सरकारबाट सम्मानित भएका छन्।

मानव बेचबिखन विरुद्धको १९ औं राष्ट्रिय दिवसको अवसरमा शुक्रबार काठमाडौँमा आयोजित एक कार्यक्रममा उनलाई कदरपत्र प्रदान गरिएको छ।

देशभरका ७७ वटै जिल्ला प्रहरी कार्यालयको कार्यसम्पादन मूल्यांकनमा पर्सा प्रहरी कार्यालय मानव बेचबिखन विरुद्धको अभियानमा उत्कृष्ट ठहरिएको थियो । यसैको कदर गर्दै उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले एसपी मिश्रलाई सम्मान गरिएको छ।

उक्त समारोहमा बोल्दै उपप्रधानमन्त्री सिंहले मानव बेचबिखन मानवता विरुद्धको गम्भीर अपराध भएको बताए। उनले पर्सा प्रहरीले यस अपराध नियन्त्रणमा खेलेको भूमिकाको सरकारले उच्च मूल्यांकन गरिएको स्पष्ट पारे।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साहले गत आर्थिक वर्षमा पर्सा प्रहरीले भारतमा बेचिएका नेपाली चेलीहरूको सकुशल उद्धार गर्ने र दोषीलाई कानुनी दायरामा ल्याउने महत्त्वपूर्ण काम गरेको बताए। उनले नेपाल प्रहरीलाई यस्ता अपराधमा शून्य सहनशीलता अपनाउन र दोषीलाई कडा कारबाही गर्न निर्देशन दिएका छन्।

# दुर्व्यवहारको आरोपमा एक शिक्षक पक्राउ




टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको बर्दिवास नगरपालिका-११ स्थित खैरमारास्थित निर्मल लामा बहुप्राविधिक शिक्षालयमा अध्ययनरत छात्रामाथि दुर्व्यवहार गरेको आरोपमा शिक्षक वसन्तप्रसाद यादवलाई प्रहरीले पक्राउ गरेको जनाएको छ। शिक्षक यादवमाथि शिक्षालयका चार जना छात्रामाथि दुर्व्यवहार गरेको आरोप लागेको छ।

घटनाबारे अभिभावकसाथ आएका छात्राले दिएको जाहेरीको आधारमा शिक्षक यादवलाई पक्राउ गरी अभद्र व्यवहारमा मुद्दा दर्ता गरिएको इलाका प्रहरी बर्दिवासले जनाएको छ। शिक्षक यादवले रातको समयमा फोन गरी कहिले परीक्षामा पास गराइदिने प्रलोभन र कहिले अभद्र धाकधम्की दिएर छात्रालाई मानसिक यातना दिएको आरोप छ। यससम्बन्धी अडियो रेकर्ड फेला परेपछि शिक्षालयको सहयोगमा बर्दिवास प्रहरीले यादवलाई नियन्त्रणमा लिएको जनाएको छ। निर्मल लामा बहुप्राविधिक शिक्षालयका प्रमुख रमण मेहताले अभिभावकसाथ आएका चार जना छात्राले शिक्षक यादवविरुद्ध उजुरी दिन आएपछि घटनाबारे जानकारी पाएको बताए। जानकारीलगत्तै शिक्षालय प्रशासनले सिटिइभिटीका मधेश प्रदेश निर्देशक अच्युतराज दहाललाई जानकारी गराउनुका साथै प्रमुख जिल्ला अधिकारीसँग परामर्शपछि पीडित छात्रालाई अभिभावकसाथ बर्दीबास प्रहरीमा पठाएको थियो।

२०७७ सालदेखि करारमा कार्यरत शिक्षक यादवमाथि यसअघि सोही शिक्षालयका तीन छात्राले एकसाथ विष सेवन गरेको घटनालाई पनि जोडेर हेर्न थालिएको छ।

२०८१ पुस १५ गते सामूहिक विष सेवन गरेकामध्ये एक छात्रालाई माईस्थानको जंगलबाट मृत अवस्थामा प्रहरीले फेला पारेको थियो।

पक्राउ परेका शिक्षक यादवलाई न्यायिक हिरासतमा राखी अनुसन्धान गर्न महोत्तरी जिल्ला अदालतले सात दिनको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी तथा सूचना अधिकारी शैलेन्द्र भट्टले जानकारी दिए।

# विद्यालय बसले लियो बालकको ज्यान



टुडे समाचारदाता

लहान। सिरहामा विद्यालयको बसले एक बालकको ज्यान लिएको छ। विद्यालयमा पढाइ सम्पन्न भइ स्कुल बसले विद्यार्थीलाई घरमा पुऱ्याउन गएको बेलामा सो बसले किचेर सात वर्षीय छात्र बालक आदर्श कुमार साहको मृत्यु भएको छ।

गोलबजार नगरपालिका-२ का मदन साहका ७ वर्षीय छोरा मृतक बालक पिजी कक्षामा अध्ययनरत थिए। पढाइ सकेर बालबालिकालाई घर घरमा पुऱ्याउन गएको 'ट्रिनिटी सेकेन्ड्री बोर्डिंग स्कूल ' गोलबजार नगरपालिका- २ को बसमा सवार बालक ओर्लिने बेलामा बसबाट लडेका थिए।

बालक ओर्लिंदै गर्दा लडेको थाहा नपाएका बस चालकले त्यही बेलामा बस अगाडि गुडाएका दिए। बालक साहको टाउको नै बसको पछाडिको पांग्रामा परेको थियो। बालक साहको त्यतिबेला नै मृत्यु भएको थियो। मृतक बालकको शव पोष्टमार्टमको लागि सिरहा प्रहरीले लहान अस्पताल पठाएको छ। बस चालक तथा विद्यालयका प्रिन्सिपल फरार भएका छन्। सिरहा प्रहरीले उनीहरुको खोजी भइरहेको जनाएको छ।

घर नजिकै बसबाट ओर्लिने क्रममा दुर्घटनामा परी बालक साहको ज्यान गएपछि बालकका माता पिता भावविह्वल भएका छन्।

# बाघको त्रासमा स्थानीयवासी

टुडे समाचारदाता

बारा । पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गतको पथलैया-अम्लेखगञ्ज सडकखण्डमा बाघको आक्रमणका घटना बढेपछि स्थानीय वासिन्दा त्रसित बनेका छन्।

पछिल्लो दुई महिनामा मात्रै बाघको आक्रमणबाट तीन जनाको मृत्यु भएपछि मानव र वन्यजन्तुबीचको द्वन्द्व थप गहिरिएको छ।



बाघको आक्रमणबाट ज्यान गुमाउनेहरूमा जीतपुर सिमरा उपमहानगरपालिकाका चन्द्रबहादुर बोलांग, कृष्ण कुमार शर्मा र रमेश कार्की रहेका छन्। स्थानीयका अनुसार, उनीहरूमध्ये दुई जनाको जंगलमा घाँस-दाउरा गर्ने क्रममा र एक जनाको सडक किनारमा आक्रमण भएको थियो। वडाध्यक्ष शेखरकाजी रुम्बाले नरभक्षी बाघलाई नियन्त्रणमा लिन निकुञ्ज र वन कार्यालयले बेवास्ता गरेको आरोप लगाए।

पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले भने बाघको बासस्थान क्षेत्रमा मानिसहरू प्रवेश गर्दा यस्ता दुर्घटना हुने गरेको भन्दै त्यसलाई 'मानवीय त्रुटि' मानेर मानिसहरूले आफ्नो व्यवहारमा परिवर्तन ल्याउनुपर्ने बताए। उनले वन्यजन्तुको बासस्थानमा भएको क्षतिमा राहत दिने व्यवस्था नभएको बताए।

निकुञ्ज प्रशासनले पथलैया-अम्लेखगञ्ज सडकखण्डमा सवारी साधन नरोक्न यात्रुहरूलाई आग्रह गर्दै सार्वजनिक सूचना जारी गरेको छ । निकुञ्जमा क्यामेरा जडान गर्ने काम पनि भइरहेको छ। यद्यपि, खतिवडाले वन्यजन्तु र मानिसको सुरक्षाका लागि प्रदेश सरकार, स्थानीय तह र वडाबाट पर्याप्त सहयोग नपाएको गुनासो गरे।

सन् २०१८ मा १८ वटा रहेको बाघको संख्या सन् २०२२ मा ४१ पुगेको र आगामी गणनामा यो संख्या ५० नाघ्ने अनुमान गरिएको छ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८